# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २५ | २०७३ पुस ११ गते सोमबार | Monday, Dec 26, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


## देजमो केस बैठक १२ गतेबाट बस्ने

**काठमाडौं ।**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिको बैठक पौष १२ गत्ते मोर्चाको कार्यालय बुद्धनगरमा बस्ने भएको छ । पूर्व निर्धारित समय अनुसार पार्टीको बैठक हुन नसक्दा मोर्चाको पूर्व निर्धारित समय सरेको हो । यसअघि मोर्चाको बैठक १० गत्ते बस्ने तय गरिएको थियो ।



## भाकपा (माओवादी) द्वारा १० दिने बन्दको घोषणा

◆ **एजेन्सी**/दिल्ली

भारतीय सत्तासिन वर्गका विरुद्ध नयाँ जनवादी सत्ता स्थापनाका लागि युद्धरत भारतीय माओवादीले राज्यको हत्या, दमन र आतंकका विरुद्ध १० दिने बन्दको आयोजना गरेको छ । भारतीय सञ्चार माध्यमहरुले जनाए अनुसार भारतीय माओवादीले डिसेम्बर २५ देखि जनवरी ३ सम्म बन्दको आयोजना गरेको छ। बन्दलाई प्रभावकारी बनाउन भाकपा (माओवादी)का छापामारहरुले २४ तारिखका दिन बहुराष्ट्रिय कम्पनी ल्वायड मेटल्स एन्ड इनर्जी कम्पनीसित सम्बद्ध ७० ओटाभन्दा बढी गाडीहरू जलाइदिएका छन् ।

भारतको आदिवासीहरुको सघन बसोबास रहेको क्षेत्र छत्तिसगढमा हत्या र आतंकको पर्याय बनेको भारतीय कथित सुरक्षा फौजले हालै छत्तीसगढ राज्यको बस्तर जिल्लाको मेटापल जङ्गलमा लगेर १३ बर्से बालकलाई माओवादी कम्ब्याट ड्रेस लगाइदिएर रुखमा बाँधेर पहिले बन्दुकको कुन्दाले हानेर र पछि गोली ठोकेर मारेको र उल्टै प्रहरीको एसपीले "दोहोरो भिडन्तमा अपरिचित नक्सली मारिएको" भनेर वक्तव्य दिएको घटनाको मानवअधिकारवादी ... बाँकी ८ पेजमा

### क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक सम्पन्न

# संगठन तथा जनपरिचालन अभियान चलाइने

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

काठमाडौं । पार्टी कार्यालय बुद्धनगरमा आइतबार सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठकले तीन महिने संगठन तथा जनपरिचालन अभियान संचालन गर्ने निर्णय गरेको छ। पार्टी अध्यक्ष मोहन वैद्य'किरण'ले पेश गरेको ७ बुँदे अभियान प्रस्ताव छलफलपछि केन्द्रीय समितिले पारित गरेको छ । बैठकले माघ ५ गते विकेन्द्रित रुपमा जिल्ला जिल्लामा अभियानको उद्घाटन गर्ने र चैत्र २६ गते समापन गर्ने निर्णय गरेको छ।

"पार्टी, संयुक्त मोर्चा तथा जनवर्गीय संगठनहरुलाई व्यापक र सुदृढ बनाऔं, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गरौं, मजदुर वर्ग तथा उत्पीडित जनसमुदाय एक होऔं, प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्था-मूर्दावाद, सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद- मूर्दावाद"लगायतका नाराहरु तय गरिएको अभियानको संचालन राज्यको निर्देशन, केन्द्रीय सदस्य, सल्लाहकार सदस्यहरु र जिल्लाको नेतृत्वमा जिल्ला स्तरमा गरिनेछ।



वडा, गाउँ, नगर तथा एरियातहसम्म पुऱ्याउने निर्णय गरिएको अभियान दलमा पार्टी, संयुक्त मोर्चा तथा जबस मोर्चाहरुका जिल्ला सदस्यहरु रहने छन् । आवश्यकता अनुसार यस्तो दलमा सेल सदस्यसमेत रहने व्यवस्था गरिएको छ । अभियानको रेखदेख क्षेत्रीय नेतृत्वले गर्ने र अनुगमन केन्द्रीय कार्यालयले गर्ने पनि अभियान संचालनको विषयमा निर्णय गरिएको छ।

अभियानन्तर्गत पुस मसान्तसम्म राज्य तथा जिल्लाका बैठकहरु सम्पन्न गरिसक्ने, संयुक्त मोर्चा तथा जनवर्गीय मोर्चाहरुसहित संयुक्त अभियानहरु संचालन गर्ने, जवस मोर्चाहरुका राष्ट्रिय स्तरका भेला वा सम्मेलन पनि गर्ने निर्णय गरिएको छ।

पार्टीको राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै पार्टीको सदस्यता आवेदन फार्म भर्ने, सदस्यता नवीकरण गर्ने, एरियादेखि ... बाँकी ८ पेजमा

## 'माओले देखाएको निरन्तर क्रान्तिको बाटोमा दृढतापूवर्क अगाडि बढौं !'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

एक प्रेस विज्ञप्ती जारी गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले आम पार्टी पंक्ति र क्रान्तिकारी जनपंक्तिलाई माओले देखाएको निरन्तर क्रान्तिको बाटोमा दृढतापूर्वक अगाडि बढ्न आव्हान गरेका छन् ।

आइतबार जारी गरिएको प्रेस विज्ञप्तीमा अध्यक्ष किरणले भनेका छन्, "माओदिवसले हामीलाई धारिलो वैचारिक हतियार र नयाँ ऊर्जा प्रदान गर्दछ। तसर्थ, कमरेडहरु माओको १२४ औं दिवस विशेष सम्मानका साथ मनाऔं र माओले देखाएको निरन्तर क्रान्तिको बाटोमा दृढतापूवर्क अगाडि बढौं !"

माओको १२४ औं जयन्तीको अवसरमा जारी गरिएको विज्ञप्तीको पूर्णपाठ यस्तो छ :

'पहिले झैं यस वर्ष पनि विश्व ... बाँकी ८ पेजमा

## स्थानीय तह पुर्नसंरचना प्रतिवेदन बुझ्न प्रधानमन्त्रीले नै दिएनन् समय

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्थानीय निकाय पुर्नसंरचना आयोगले तयार पारेको प्रतिवेदन बुझाउनका लागि समय नदिएपछि आयोगले लिखित रुपमा नै समय माग्ने भएको छ । सरकारले स्थानीय निकाय पुर्नसंरचनाका लागि गठन गरेको आयोगले ७ सय ४० वटा स्थानीय निकाय निर्माण गर्नेगरी प्रतिवेदन तयार पारेको छ । यसअघि ५ सय २५ स्थानीय निकाय बनाउने आयोगको प्रस्ताव थियो । तर, स्थानीय तहमा सहमति जुट्न नसकेपछि राजनीतिक दलहरुको सहमतिमा स्थानीय निकायको संख्या बढाइएको हो । आयोगले प्रतिवेदन तयार गरेपनि सरकारले त्यसप्रति चासो नदिनुलाई भने अर्थपूर्ण रुपमा हेरिएको छ । स्थानीय निकायको पुर्नसंरचनाका विषयमा नेकपा (माओवादी केन्द्र) भित्रै एक मत नभएका कारण प्रधानमन्त्री प्रचण्डले पनि प्रतिवेदन बुझ्न आनाकानी गरेको हुनसक्ने स्रोतको भनाई छ । यसैगरी स्थानीय तहको पुर्नसंरचनाका विषयमा मधेसवादी दलहरु असन्तुष्ट रहँदै आएका छन् भने भारत समेत संविधान कार्यान्वयन नहोस् भन्ने चाहन्छ। स्थानीय निकायको संरचना टुंगो ... बाँकी ७ पेजमा

## यो जाडोमा पनि भूकम्प पीडितको टहराकै बास

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

गत वैशाख १२ गएको विनाशकारी भूकम्पका पीडितहरुले एउटा जाडो टहरामा कटाए। अर्को जाडोमा पनि टहरोमै कठ्यांग्रिदै छन्। तर पुनःनिमार्णले भने गति लिन सकेको छैन् । भूकम्प गएको २० महिना बित्दा जम्म ८ हजार घर बनेका छन् ।

भूकम्प अतिप्रभावित जिल्लाका पाँच लाख बढी भत्किएका घरहरु मध्ये जम्मा ८ हजार ३३३ घर मात्र घर बनेको पुनःनिमार्ण प्राधिकरणले जनाएको छ । भूकम्पले भत्काएका ऐतिहासिक संरचनाहरुसमेत जिर्णअवस्थामा पुनःनिमार्णको पर्खाइमा छन् । यो अवधिमा भूकम्पले क्षती पुगेको बौद्धनाथ स्तुपाको मात्र पुनःनिमार्ण सम्पन्न भएको छ।

ऐतिहासिक तथा धामिर्क सम्पदाहरुको अस्तित्व नास हुने अवस्थामा आएको छ तर प्राधिकरणको काम भने कछुवाको गतिमा अगाडि बढेको छ।

यो अवधिमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार १७ हजार ९९ घर बन्ने क्रममा छन् । बाँकी भने अस्थायी टहराको भरमा छन् । यस अवधिमा सरकारले ४ लाख ४८ हजार ८ सय ११ घरपरिवारलाई सरकारले ५० हजार रुपैयाँको दरले पुनर्निर्माण अनुदानको पहिलो किस्ता वितरण गरेको छ।

काठमाडौं जिल्लामा अनुदानको पहिलो ... बाँकी ७ पेजमा

## जनगणतान्त्रिक संविधानका लागि निर्विकल्प संघर्ष



**कमल चौधरी**

पृथ्वीनारायण शाहले नेपाल र नेपालीलाई दिएको भनेको एकात्मक केन्द्रीकृत राजतन्त्र हो। जुन हरेक सामन्ती शासनको निम्ति आवश्यक हुन्छ । नेपालमा शाहवंशी शासन रहँदा तिनका वंशजले त्यही पदचिन्हमा चल्नु तिनको आवश्यकता र कर्तव्य थियो। राजतन्त्रको अन्त्य भयो तर त्यसको प्रतिरुप अझै शासन सत्ताको संयन्त्रमा विद्यमान छ। त्यसबेला सत्ताबाहिर रहँदा नेताहरुले विभिन्न शैलीमा दरबारबाट जनतामा राजनीतिक अधिकार हस्तान्तरण गर्ने कुरा गर्थे । संवैधानिक राजासहितको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र नयाँ जनवाद जस्ताआन्दोलनका कार्यक्रमहरु हुने गर्दथे । २०१८ सालमा नेपाली कांग्रेसले उठाएको हतियार, २०१८ सालमा भएको झापा विद्रोह, २०३६ सालको जनमत संग्रह र २०४६ सालको जनआन्दोलन क्रमशः उच्च चरणको दिशामा राजनीतिक आन्दोलनहरु हुन्। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा सुरु हुने संघर्षहरु शासन सत्तलाई चुनौती दिएको स्थितिको विद्यमान राजनीतिक सत्ताप्रति जनताको विश्वास नरहेको अवस्थालाई पुष्टि गरेको कुरा सहजै बुझ्न सकिन्छ।

दश वर्षको जनयुद्ध र २०६२/६३ को जनआन्दोलनले संविधानसभाको निर्वाचन, राजतन्त्रको अन्त्यपछिको राजनीतिक व्यवस्थालाई संस्थागत गर्न दिएको जनादेशलाई नेताहरुले बुझ्न नसकेको हो वा आफ्नै पिछडिएको दृष्टिकोण प्रतिको चुनौती ठानेका छन्। जनयुद्ध र जनआन्दोलनमा भाग लिएका नेताहरुको विचार किन फेरियो ? त्यसतर्फ ध्यान दिन जरुरी छ। भन्ने के गरिन्छ भने २००७ सालको दिल्लीमा भएको त्रिपक्षीय सम्झौता अनुसार हुनुपर्ने संविधानसभामा ५७ सालपछि भएको अरे ! वास्तममा त्यस्तो होइन। हुनत अघिको संविधानसभा र पछिल्लो संविधान सभाको एजेण्डा दिल्लीमै तय गरिएका हुन्। तर अवस्था फरक छन् । २००७ सालमा संविधान सभा भएको भएपनि अहिलेको सन्दर्भ र परिस्थितिभन्दा फरक नै हुने थियो। तर पुरानो सोचका नेताहरुले फरक देख्दैनन् । संविधान सभाले त्यस अन्तरलाई पहिलो बैठकबाट राजतन्त्रको अन्त्यको घोषणा गरेर प्रमाणित गऱ्यो। त्यसपछि राज्यको संघीय संरचनाका निम्ति राज्य पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले पहिचानलाई प्रमुख आधार र सामर्थ्यलाई सहायक आधार मानेर १४ प्रदेशको प्रस्ताव गऱ्यो । त्यस्तै २०६८ मंसिर ६ गतेको मन्त्रीपरिषद्ले गठन गरेको राज्यपुर्नसंरचना सुझाव उच्चस्तरीय आयोगले परिचानलाई प्रमुख आधार बनाएर १० प्रदेश र गैरभौगोलिक एक (दलित) प्रदेश सहित ११ प्रदेशको प्रस्ताव ल्याएको थियो र त्यसमा राजनीतिक दलहरुको कुरा मिलेन। नेताहरु खासगरी ७ दलीय सिन्डिकेटका नेताहरुमै रहेको पुरानो सोचका कारण अघि बढ्न सकेन। पुराना नेताहरु अझैपनि ७ साल वा १४ सालभन्दा फरक स्थितिको अनुभव गर्न सकेका छैनन् । संघीयता, गणतन्त्र, समावेशी, समानुपातिक नेतृत्व, धर्मनिरपेक्षता आत्मनिर्णयको अधिकार सामाजिक न्याय जस्ता विषयबस्तु आउँदा निसासिन्छन्। अनि अझै स्पष्ट छैनन् वा जानीजानी बांगिदै छन् वा उनीहरु नयाँ परि स्थितिमा अपडेट छैनन् त्यो भन्न सकिदैन तर उनीहरु यसप्रकारको सोचले देशलाई अघि बढाउँदै छन्। दुर्घटनामा पर्ने त्यो निश्चित छ । नेता भनेको जनताको विश्वविद्यालयको अंग हुनुपर्ने तर यहाँ सरकार चलाउने नेताहरु दरबार हाइस्कुलका खास विद्यार्थी झै छन्। पखेटा सानो, उडान ठूलो हुँदा दुर्घटना हुने खतराप्रति चिन्तित नहुनुपर्ने बहादुरी नै हो। यस्तै नेताहरुको नेतृत्वमा देश हाँकिदै छ। यथास्थितिवादी नेताहरुको चित्त बुझेन । पहिलो संविधानसभाले घोषणा गर्न नपाएर नेताहरुले संविधानसभाको अन्त्य गराए। असंवैधानिक र अलोकतान्त्रिक विधिले कथित दोस्रो संविधानसभाको निर्वाचन घोषणा गरेको संविधान जनताले मानिरहेका छैनन् । पश्चगामी संविधानसभाले यथास्थितिवादी नेताहरुलाई सन्तोष दिएको छ। तर समस्या ... बाँकी ७ पेजमा

## सम्पादकीय

# माओ जयन्ती मनाउनुको अर्थ

११ पौष २०७३ अर्थात् माओको १२४ औं जयन्ती । आज विश्वभर र नेपालमा पनि माओको १२४ औं जयन्ती मनाइदैछ । माओवाद र माओविचार मान्ने पार्टीहरुले माओको जन्म दिवस मनाउने गरेका छन् । नेपालमा संचालित दशवर्षे जनयुद्धपूर्व नेकपा (माओवादी)बाहेक माओवाद मान्ने अन्य कम्युनिष्ट पार्टी नेपालमा थिएनन् । प्रत्याक्रमणसम्म पुगेको जनयुद्धले सेटब्याक खाएपछि नेपालको माओवादी आन्दोलमा विभाजन आयो र अहिले आफूलाई माओवादी पार्टी भनाउने तीनवटा पार्टी अस्तित्वमा छन् : मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा (माओवादी) र पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको नेकपा (माओवादी केन्द्र) । यी तीनवटै पार्टीले आफूलाई 'माओवादी' भनाएपनि माओका सार्वभौम सिद्धान्तलाई दह्रोसँग आत्मसात गरिरहेको र नेपाली धर्तीमा लागू गर्ने प्रयत्न गरिरहेको पार्टी भनेको मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नै हो ।

'सेतो झण्डा उचालेको दुश्मनभन्दा रातो झण्डा उचालेको दुश्मन हजारौ गुणा खतरनाक हुन्छ ।' अन्तर्राष्ट्रिय सर्वहारावर्ग तथा श्रमजीवी जनताका महान् नेता तथा चिन्तक माओत्सेतुङ्गले भनेका छन् । माओवादको खोल ओढेर माओवादलाई नै भ्रष्टीकरण गर्ने, बद्नाम गराउने र वास्तविक माओवादीलाई सिध्याउने खेलहरु भइरहेको सन्दर्भमा माओको उल्लेखित भनाइको विशेष महत्व रहेको छ ।

'सामन्तवाद' र 'साम्राज्यवाद'लाई माओले नयाँ जनवादी क्रान्तिका पन्छाउनै पर्ने दुई ठूला पहाड बताएका थिए । तर यी पहाड ज्यूँका त्यूँ रहँदै नेकपा (माओवादी केन्द्र) जनवादी क्रान्ति पूरा भएको जिकिर गर्दै संसदवादमा पतन हुन पुगेको छ भने विप्लव माओवादीले नयाँ जनवादी क्रान्तिको नारा दिए पनि ऊ त्यसप्रति इमान्दार देखिएको छैन । क्रान्तिकारी माओवादीले भने अहिले पनि सामन्तवाद र साम्राज्यवादलाई नयाँ जनवादी क्रान्तिका लागि पन्छाउनैपर्ने दुई ठूला पहाडको रुपमा व्याख्या गर्दै आएको छ । रुप पक्षमा दशवर्षे जनयुद्धको जगमा भएको जनआन्दोलनले सामन्तवादको नाइकेको रुपमा राजतन्त्रलाई समाप्त पारेपनि राजनीतिक व्यवस्थामा वर्षौदेखि गाँजिएर रहेको सामन्तवाद अहिले पनि ज्यूँका त्यूँ अवस्थामा रहेको छ । नेपालको सन्दर्भमा साम्राज्यवादी उत्पीडनको नेतृत्व गर्दै आएको भारतीय विस्तारवादको हस्तक्षेप(उत्पीडन)ले चरम सीमा नाघेको छ । स्थापनाकालदेखि नै नेपालको कम्युनिष्ट पार्टी तथा माओवादी पार्टीले उठाउँदै आएको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दा यतिखेर इतिहासकै सर्वाधिक संकटतर्फ धकेलिएका छन् । संकटतर्फ धकेल्ने कार्यमा माओवादी नामकै संसदवादी पार्टी माओवादी केन्द्रले भूमिका खेलिरहेको छ ।

मुलुकको यस घडीमा क्रान्तिकारी माओवादीले भने दृढतापूर्वक राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई पार्टीको प्रमुख कार्यसूचिमा राखेर संघर्ष गरिरहेको छ । र, कमजोर आत्मगत अवस्थालाई सुदृढ तुल्याउन तीन महिने 'संगठन तथा जनपरिचालन अभियान'मा जुटेको छ । सिद्धान्तलाई व्यवहारमा जोड्ने, पार्टीको जनसम्बन्ध सुदृढ पार्ने र आलोचना–आत्मालोचनामार्फत् पार्टीलाई शुद्धिकरण गर्ने कार्यशैलीलाई कार्यसूचि बनाउँदै 'क्रान्तिलाई दह्रोसँग पक्ड, उत्पादनलाई बढाउ'को दिशामा जुटे मात्र माओ जयन्ती मनाउनुको सार्थकता रहन्छ ।

'मार्क्सवाद लागू गर, संशोधनवाद होइन; नफुट एकजुट बन; छलछाम र षड्यन्त्र नगर, खुल्ला, स्पष्ट र इमान्दार बन' भन्ने माओको आव्हानलाई माओवादी क्रान्तिकारीहरुले आधारभूत रुपमा आत्मसात गर्न जरुरी छ । पार्टी र जनताबीचको सम्बन्ध माछा र पानीको जस्तै बनाउँदै नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न जुट्नु नै क्रान्तिकारीहरुको प्रमुख दायित्व हो ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# विश्व कम्युनिस्ट आन्दोलनमा माओका योगदान



– कृष्णदास श्रेष्ठ

प्रत्येक महान पुरुष आफ्नो युगको उपज रहन्छ, आफ्नो समयको महान आन्दोलन र इतिहासको उपज रहन्छ । इतिहासको अध्ययनवाट हामी कुन कुरा थाहा पाउँछौ भने साच्चिकै महान आन्दोलन तथा महान परिवर्तनहरुको आवश्यकीय रुपबाट महापुरुषहरुलाई जन्माउछन् र ती महापुरुषहरुले सम्बन्धित आन्दोलन र परिवर्तनको उपज र अभिन्न अंगको रुपमा आफ्नो भूमिका खेल्छन् र आफ्नो तर्फबाट त्यसमा महत्वपूर्ण योगदान गर्दछ । यो कुरा माओत्सेतुङको सम्बन्धमा पनि साँचो रहेको छ । माओ त्सेतुङ आफ्नो समयका महानतम मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो । अन्य ऐतिहासिक व्यक्तित्वहरु झैं, उहाँ पनि एक ऐतिहासिक उपज हुनुहुन्थ्यो उहाँ आफू रहेको समयको, त्यस्तो ऐतिहासिक अवधिको एक उपज तथा अभिन्न अंग हुनुहुन्थ्यो, जुन अवधिमा विश्व-ऐतिहासिक महत्वका केही घटनाहरु घटेका थिए । ती घटनाहरुमा प्रमुख हुन् : चिनियाँ जनताको महान मुक्ति आन्दोलन, आधुनिक संशोधनवाद तथा सामाजिक-साम्राज्यवादको विरुद्ध चलेको महान संघर्ष,महाशक्ति-प्रभुत्ववाद-विरोधी विश्व जनताको संर्घष, आदि । उहाँका सम्पूर्ण व्यक्तित्व तथा कार्यहरु उक्त घटनाहरुसित अभिन्न रुपमा गाँसिएका छन्,र त्यसमा उहाँको व्यक्तित्व र कार्यको प्रभाव र छाप स्पष्ट रुपमा परेको छ । सच्चा सर्वहारा क्रान्तिकारीको हैसियतले ती घटनाहरुमा प्रमुख भूमिका खेल्ने सिलसिलामा उहाँले मानव-मुक्तिको महान लक्ष्यमा र कम्युनिष्ट लक्ष्यमा ठूला योगदानहरु गर्नुभयो ।

माओत्सेतुङका योगदानहरु महान र महत्वपूर्ण छन् भन्ने कुरामा दुइमत पाइँदैन भन्न सकिन्छ, किनभने उहाँको चिन्तन-तरिका र कतिपय सैद्धान्तिक धारणालाई नमान्नेहरु समेत पनि उहाँका योगदानहरुलाई मान्दछन् । तर योगदानको स्वरुपको सम्बन्धमा,योगदान कस्तो खालको र कुन स्तरको भन्ने सम्बन्धमा मुख्य रुपले दुई विपरित धारणाहरु रहेको पाइन्छ । तिनमा एउटा अनुसार, माओत्सेतुङले जे जति योगदानहरु गर्नुभयो, ती राष्ट्रिय चरित्रका छन् र तिनले राष्ट्रिय अर्थात चिनियाँ सीमाभन्दा बाहिर केही महत्व राख्दैन् । उक्त धारणा समर्थकहरुमा एक थरी जस्ता जो माओत्सेतुङका विचारलाई त मान्दछन् तर त्यसलाई विशुद्ध राष्ट्रिय चीज, विशुद्ध चिनियाँ परिघटना ठान्छन् । यस्तो धारणा मार्क्सवादलाई विशुद्ध जर्मन वा युरोपेली परिघटना ठान्ने र लेनिनवादलाई विशुद्ध रुसी परिघटना ठान्ने पहिले देखिएका धारणाहरुको पुनरावृत्ति मात्र हो भन्न सकिन्छ । उक्त धारणा धारणालाई मान्नेहरु माओत्सेतुङका काम तथा विचारको महत्व तथा महानता चिनियाँ सीमाभित्र सीमित रहेको रुपमा लिइन्छ । यसको ठीक विपरित अर्को धारणा छ, जसले माओत्सेतुङलाई एक अन्तर्राष्ट्रिय व्यक्तित्वको रुपमा हेर्छ, र कस्तो मान्यता राख्छ भने माओत्सेतुङका महान विचारहरु विशुद्ध राष्ट्रिय परिघटना होइनन् ती सांगुरो र राष्ट्रिय सीमाभित्र मात्र महत्व राख्ने चिज होइनन्,बरु तत्कालीन अन्तराष्ट्रिय तथा राष्ट्रिय विकास सित घनिष्ट रुपले सम्बन्धित र त्यसमा आधारित अन्तराष्ट्रिय परिघटना हुन् ।

अन्य मुलुकहरुमा झैं, हाम्रो मुलुकमा पनि माओ त्सेतुङको देनलाई सानो पारेर देखाउने,त्यसलाई मामुली रुपमा प्रस्तुत गर्ने र विशुद्ध राष्ट्रिय महत्वको ठान्ने धारणा पाइन्छ । उक्त धारणा एकदमै यथार्तवादी र गलत छ,किनभने त्यसले माओ त्सेतुङका देनहरुलाई, उहाँका कार्य र विचारको महानतालाई व्यापक परिपेक्षमा, सम्पुर्ण अन्तराष्ट्रिय विचारको परिपेक्षमा हेर्न सकेको छैन, किनभने त्यसले त्यसलाई महान चिनियाँ जनक्रान्ति, आधुनिक-संशोधनवाद-विराधी संघर्ष र महाशक्ति-प्रभुत्ववाद-विरोधी संघर्षको विश्व ऐतिहासिक महत्वको परिपेक्षमा हेर्न सकेको छैन् । उक्त धारणाको पछिल्तिर कुन तथ्यप्रति अज्ञानता रहेको छ भने प्रत्येक सौच्चिकै महान बिचारमा अन्तराष्ट्रिय बन्ने स्वाभाविक प्रवृति रहेको हुन्छ ।

मेरो विचारमा, माओ त्सेतुङबाट विश्व कम्युनिष्ट आन्दोलनप्रति गरिएको योगदानहरु बहुपक्षीय र बहुआयामिक छन् । यहीं दृष्टिकोणबाट संक्षिप्त रुपमा त्यसबारे चर्चा गरिएको छ ।

१) पहिलो कुरा के भने महान चिनियाँ जनक्रान्ति, अर्थात् बीसौं शताब्दीमा महान अक्टोबर समाजवादी क्रान्तिपछिको अधिकतम विशाल, व्यापक तथा शक्तिशाली प्रतिक्रियावाद-विरोधी क्रान्तिका संगठनकर्ता तथा नेताको हैसियतबाट माओ त्सेतुङले विश्व जनक्रान्ति र विश्व कम्युनिष्ट आन्दोलनप्रति महत्वपूर्ण योगदान गर्नुभयो ।

माओ त्सेतुङप्रधान रहेको चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा भएको चिनियाँ जनताको सामन्त-विरोधी तथा साम्राज्यवाद-विरोधी क्रान्तिको विजय बीसौ शताब्दीमा भएका अक्टोबर समाजवादी क्रान्ति र फासिष्टवादमाथि मानवजातिको विजयपछिको विश्वव्यापी महत्वको तेस्रो घटना थियो । विश्व सर्वहारा क्रान्तिको अभिन्न अंग रहेको उक्त विजयी क्रान्तिले विश्व साम्राज्यवादी व्यवस्थालाई निकै कमजोर र जनवाद, समाजवाद र शान्तिको पक्षलाई अधिक शक्तिशाली तथा व्यपक बनायो । खास रुपमा, उक्त विजयी क्रान्तिले औपनिवेशिक तथा अर्ध-औपनिवेशिक मुलुकहरुमा राष्ट्रिय मुक्ति आन्दोलनलाई ठूलो बल र प्रेणा प्रदान गऱ्यो ।

जनवादी क्रान्तिका अभिभाराहरुलाई पूरा गरिसकेपछि १९५६ मा चीन समाजवादी क्रान्तिको युगमा प्रवेश गऱ्यो र त्यहाँ समाजवादी निर्माण गर्न थालिनु कम महत्वको कुरा थिएन, बरु वास्तवमा एक महान विश्व-ऐतिहासिक महत्वको घटना थियो ।

यसरी चीनमा नौलो जनवादी क्रान्तिको सम्पन्नता र त्यसपछि भएको समाजवादी क्रान्ति र समाजवादी निर्माण-कार्यको थालनी हुनु निश्चय नै विश्व कम्युनिष्ट आन्दोलनको ऐतिहासिक अग्रगतिमा अति महत्वपूर्ण पाइला थिए । तिनले उक्त आन्दोलनमा अभिवृद्धि र विकासमा तिनको ठूलो योगदान रहेको छ ।

माथि उल्लेखित सम्पूर्ण क्रान्ति र निर्माणको कामसित माओ त्सेतुङको नाउ अभिन्न रुपमा गाँसिएको छ । उहाँ उक्त क्रान्तिका प्रमुख संगठनकर्ता तथा नेता र समाजवादी निर्माणका प्रमुख इन्जिनियर हुनुहुन्थ्यो । जनवरी १९३५ मा चिनियाँ कम्युनिष्ट पार्टीमा उहाँको नेतृत्व स्थापित भएपछि,उहाँले चिनियाँ क्रान्तिलाई पूर्ण विजयसम्म बढाउनु भई त्यसलाई समाजवादी चरणमा लैजानुभयो । उहाँले मार्क्सवादी-लेनिनवादका आधारभूत सिद्धान्तहरुलाई अर्ध-औपनिवेशिक चीनको क्रान्तिका विशिष्ट अवस्थाहरुमा बढो कुशल तथा सृजनात्मक ढंगबाट लागू गर्नुभयो । चिनियाँ जनक्रान्तिको विजय मार्क्सवाद-लेनिनवादको एउटा ठूलो एतिहासिक विजय पनि थियो । मार्क्सवाद अविकसित मुलुकहरुमा लागू हुँदैन भन्ने त्यसताका प्रतिक्रियावादीहरुद्वारा व्यापक रुपमा प्रचारित फट्याइँलाई व्यावहारिक रुपमा देखाए, त्यसले मार्क्सवादको सर्वव्यापी लागू योग्यतालाई अकाट्यरुपमा सावित गरिदियो । कुन कुरा एकदमै सत्य सावित भयो भने मार्क्सवाद विकसित, अल्प विकसित तथा अविकसित सबै मुलुकहरुमा र सबै परिस्थितिहरुमा लागू हुन सक्छ ।

उपरोक्त सारा कुरा विश्व कम्युनिष्ट आन्दोलनप्रति महत्वपूर्ण योगदान हुन् र त्यसमा माओ त्सेतुङको प्रमुख भूमिका रहेको छ ।

२) दोस्रो कुरा के हो भने तत्कालीन सोभियत सशोधनवादी नेतृ-डफ्फाबाट नेतृत्व गरिएको आधुनिक संशोधनवादको विरुद्ध मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी शिक्षाहरुको रक्षकको हैसियतबाट उहाँले विश्वकम्युनिष्ट आन्दोलनप्रति ठूलो योगदान गर्नुभयो ।

१९५३ मा स्टालीनको निधनपछि पूर्व सोवियत संघको कम्युनिष्ट पार्टीको नेतृत्व ख्रुश्चोव र त्यसको गुटद्वारा हत्याइयो । उक्त नेतृ-डफ्फाले महान स्टालिनको नाउँ र कामहरुलाई बद्नाम गर्न भगिरथ प्रयत्न गऱ्यो । ख्रुश्चोवपंथी नेतृ-डफ्फाद्वारा प्रतिनिधित्व गरिएको आधुनिक संशोधनवादले साम्राज्यवाद र प्रतिक्रियावादको हितमा मार्क्सवाद-लेनिनवादका शिक्षाहरुलाई संशोधन र तोडमरोड गरे । ती संशोधनवादीहरुले क्रान्तिकारी वर्ग-संघर्ष-समाजवादी क्रान्ति, सर्वहारावर्गको अधिनायकतन्त्र, युद्ध र शान्ति, आदि सम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरुप्रति विश्वासघात गरेर कम्युनिष्ट आन्दोलनलाई संशोधनवादी बाटोमा लैजान खोजे । त्यसैले, संशोधनवाद विश्व कम्युनिष्ट आन्दोलनको लागि निकै ठूलो खतरा बन्न पुग्यो ।

विश्व कम्युनिष्ट आन्दोलन र विश्व जनताको मुक्ति आन्दोलनको लागि त्यो निकै संकटपूर्ण थियो । विश्व कम्युनिष्ट आन्दोलनभित्र एकातिर मार्क्सवाद-लेनिनवादीहरु र अर्कातिर आधुनिक संशोधनवादीहरुको माझमा ठूलो र भयानक संघर्ष चल्यो । यस संघर्षमा माओ त्सेतुङ प्रधान रहेको चिनियाँ कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी शिक्षाहरुको संरक्षणको पक्षमा अघिल्लो मोर्चामा रहेर प्रमुख भूमिका खेल्यो । त्यसताका आधुनिक संशोधनवादको विरुद्ध विश्वव्यापी रुपमा चलेको महान् विवाद र संघर्षमा माओ त्सेतुङले नेतृत्वकारी भूमिका खेल्नुभयो । उहाँले व्यक्ति-पूजाको विरोधको आडमा गरिएको स्टालिनको निन्दालाई दृढरुपमा अस्वीकार गर्नुभयो र तत्कालीन सोभियत नेतृ-डफ्फाद्वारा गरिएको विभिन्न खालका दवाब धम्कीसामु भुक्न ठाडोरुपमा इन्कार गर्दै चिनियाँ कम्युनिष्ट पार्टी र विश्वका मार्क्सवादी-लेनिनवादीहरुलाई संशोधनवाद-विरोधी संघर्षमा नेतृत्व दिएर अगाडि बढाउनु भयो ।

उक्त कार्य विश्व कम्युनिष्ट आन्दोलनप्रति माओ त्सेतुङको महत्वपूर्ण योगदान थियो ।

३) तेस्रो कुरा के हो भने महाशक्ति प्रभुत्ववादको विरुद्ध अन्तर्राष्ट्रिय संघर्षका महान रणनीतिज्ञको रुपमा पनि उहाँले विश्व कम्युनिष्ट आन्दोलन र विश्व क्रान्तिप्रति महान योगदान गर्नुभयो । पूर्व सोवियत संघ समाजवादीबाट सामाजिक-साम्राज्यवादी मुलुकमा, एक महाशक्तिमा फेरिएको र विश्व प्रभुत्वको लागि दुई महाशक्तिहरुमाझ होडबाजी चलेको तत्कालीन वस्तुगत स्थितिको वैज्ञानिक विश्लेषणको आधारमा उहाँले तीन विश्वको सिद्धान्तको प्रतिपादन गर्नुभयो । सो सिद्धान्तलाई पहिलोपल्ट माओ त्सेतुङले यसरी प्रस्तुत गर्नुभयो : "मेरो विचारमा पहिलो विश्वमा संयुक्त राज्य अमेरिका र सोवियत संघ पर्दछ । दास्रो विश्वमा जापान युरोप र केनाडा मध्यम अंग पर्दछ । हामी तेस्रो विश्व हौं । तेस्रो विश्वमा विशाल जनसंख्या छ । जापानलाई छोडेर एशिया तेस्रो विश्वमा पर्छ । सम्पूर्ण अफ्रिका तेस्रो विश्वमा पर्छ र लेटिन अमेरिका पनि यसमा नै पर्छ ।"

मार्क्सवाद-लेनिनवादको सर्वव्यापी सत्यलाई विश्व क्रान्तिको ठोस व्यवहारसित मिलाएर प्रतिपादन गरिएको सो सिद्धान्त त्यसको विकासमा एक महत्वपूर्ण योगदान रहयो । उक्त सिद्धान्तले विश्व प्रभुत्ववादको विरुद्ध संघर्षलाई बढाउन र त्यसको विरुद्ध व्यापकतम अन्तर्राष्ट्रिय संयुक्त मोर्चाको निर्माणका लागि सही निर्देशन र विश्व क्रान्तिकारी आन्दोलनका लागि आधारभूत रणनैतिक कार्यदिशा प्रदान गऱ्यो । यहाँ माओ त्सेतुङ एक महान अन्तर्राष्ट्रिय रणनीतिज्ञको रुपमा देखिनु भयो ।

सर्वहारा अन्तर्राष्ट्रवादलाई दृढ रुपमा समर्थन गर्दै माओ त्सेतुङले युद्ध र आक्रमणका नीतिहरु, महशक्ति तथा क्षेत्रीय प्रभुत्ववाद र ठूलो-राष्ट्र अहंकारवादको दृढ रुपमा विरोध गर्नुभयो, र चीनले कहिले पनि प्रभुत्व नखोज्ने कुराको घोषणा गर्नुभयो । विदेश मामिलाको सम्बन्धमा उहाँले एक पुरै क्रान्तिकारी कार्यदिशाको प्रतिपादन गर्नुभयो, र त्यो थियो विश्व शोषित-पीडित राष्ट्र तथा जनताहरुसित एकतालाई जब्बर पार्ने, प्रभुत्ववादी तथा विस्तारवादी प्रयासहरुको विरोध गर्ने र शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरुको दृढ रुपमा अनुशरण गर्ने कार्यदिशा । उहाँले नयाँ अन्तर्राष्ट्रिय राजनैतिक तथा आर्थिक सम्बन्धको लागि नीतिहरुको प्रतिपादन गर्नमा पनि ठूलो योगदान गर्नुभयो ।

४) अन्तिम तर बढी महत्वपूर्ण कुरा के भने माओ त्सेतुङ विचारधाराको रुपमा मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक खजानामा नयाँ विचार र प्रस्थापनाहरु थपी त्यसलाई अरु समृद्ध बनाएर माओ त्सेतुङले विश्व कम्युनिष्ट आन्दोलनप्रति महत्वपूर्ण योगदान गर्नुभयो ।

जनताको क्रान्तिकारी आन्दोलनको विकासक्रममा देखापरेका व्यावहारिक समस्याहरुको समाधानमा मार्क्सवाद-लेनीनवादलाई लागू गर्ने सिलसिलामा र त्यसबाट प्राप्त अनुभवहरुको निचोडको रुपमा माओ त्सेतुङले धेरै नयाँ विचार तथा प्रस्थापनाहरु मार्क्सवादको भण्डारमा थप्नुभएको छ । उक्त विचार तथा प्रस्थापनाहरुको समष्टि-रुपनै माओ त्सेतुङ विचारधारा हो, र तिनले मार्क्सवाद-लेनिनवादलाई विश्व विकास अनुरुप विकसित गरेका छन् । केही पक्षहरुमा उहाँले मार्क्सवादलाई निकै समृद्ध पार्नुभएको छ । यसका केही उदाहरणहरुलाई हामी हेरौं ।

दार्शनिक क्षेत्रमा, माओ त्सेतुङद्वारा लिखित व्यावहार बारे, अर्न्तविरोधबारे र अन्य दार्शनिक लेखहरु निकै महत्वपूर्ण छन्, र ती मार्क्सवादको दार्शनिक चिन्तनको क्षेत्रमा ठूला योगदान हुन् । चीनको क्रान्तिकारी युद्धमा रणनैतिक समस्याहरु, दीर्घकालीन युद्धबारे, जापान-विरोधी छापामार युद्धमा रणनैतिक समस्याजस्ता उहाँका सैनिक कृतिहरुले मार्क्सवादको सैनिक सिद्धान्तको भण्डारलाई निकै समृद्ध र विकसित गरेका छन् । यस्तै, नौलो जनवादी क्रान्तिका चालक शक्ति, अभिभारा, चरित्र, नेतृत्व, जस्ता महत्वपूर्ण सवालहरुबारे लेखिएका उहाँका कृतिहरु (उदाहरणार्थ, नौलो जनवादबारे) क्रान्तिसम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको क्षेत्रमा ठूला योगदान हुन् । खास गरेर, चीनको जनक्रान्तिको अनुभवको निचोड निकालेर लेखिएका उहाँका कृतिहरुले उपनिवेशवाद-विरोधी क्रान्तिसम्बन्धी मार्क्सवादी धारणालाई समृद्ध र फराकिलो पारेका छन् । आफ्नो महत्वपूर्ण कृति जनताबीचका अर्न्तविरोधहरुको सही संचालनमा उहाँले समाजमा हुने दुइ प्रकारका अर्न्तविरोध र तिनको समाधनका उपायहरुबारे जुन विचार प्रस्तुत गर्नुभयो, त्यो सामाजिक अर्न्तविरोधहरुको समाधान गर्ने सम्बन्धमा मार्क्सवादी सिद्धान्तको क्षेत्रमा एउटा ठूलो उपलब्धि रहेको छ । अन्य विभिन्न क्षेत्रहरुमा पनि, जस्तो कि पार्टी निर्माण, समाजवादी क्रान्ति र समाजवादी ... बाँकी ७ पेजमा

# देशलाई अग्रगामी निकास दिने एकमात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हो



**सीपी गजुरेल 'गौरव'**
अध्यक्ष
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**

## ● क्रान्तिकारीहरुको आकर्षणको केन्द्रमा हाम्रै पार्टी छ । ● प्रचण्ड नेपाललाई सिक्किमीकरण गर्ने भारतीय योजनामा सामेल छन् ।

***पार्टी र मोर्चाको केन्द्रीय समितिको बैठक जारी छ, बैठकले के कस्ता निर्णयहरु लिंदैछ ?***

हो, हामी केही दिनदेखि निरन्तर बैठकमा छौं । हाम्रो पार्टीको केन्द्रीय कार्यालय, सचिवालयको बैठक सम्पन्न भैसकेका छन् । केही दिनदेखि केन्द्रीय समितिको बैठक जारी छ । देशभक्त जनगणतान्त्रिक मोर्चाको केन्द्रीय समितिको बैठक पनि बस्दैछ । बैठकले के निर्णय गर्नेछ भनेर पहिलेनै भन्न सक्ने अवस्था हुँदैन । बैठक पश्चात पार्टी केन्द्रले पत्रकार सम्मेलन वा प्रेस विज्ञप्तिमार्फत् निर्णयहरु सार्वजनिक गर्ने हाम्रो योजना छ । तथापि, प्रारम्भिक विषयहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

देश यतिखेर गम्भीर संकटबाट गुज्रिरहेको छ। संसदवादी, पश्चगामी र प्रतिकृयावादी दलहरु नै यो संकट निम्त्याउनका लागि जिम्मेवार छन् । तिनीहरु देशलाई नयाँ निकास दिन पूर्णरुपमा असफल भैसकेका छन् र यसको पुष्टि पनि भैसकेको छ । देशलाई अग्रगामी निकास दिने एकमात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हो भन्ने कुराको महशुर धेरैले गर्दै गएका छन् । यस अवस्थामा हाम्रो पार्टीले वैकल्पिक क्रान्तिकारी शक्तिको भूमिका निर्वाह गर्नुपर्ने हो, तर विभिन्न समयमा भएका र गराइएका फुटहरु र क्रान्तिपछि भएको एउटा ठूलो प्रतिक्रान्तिका कारण हाम्रो पार्टीको आत्मगत शक्ति कमजोर भएको छ । वस्तुगत परिस्थिति क्रान्तिका लागि एकदमै अनुकूल तर आत्मगत शक्ति चाहिँ कमजोर-यतिखेर हामी यो अन्तर्विरोधका बीचबाट गुज्रिरहेका छौं । त्यसकारण, यतिखेर त देश ठूलो क्रान्तिकारी संघर्ष वा आन्दोलनका वीचमा हुनु पर्दथ्यो र हाम्रो पार्टीले त्यसको नेतृत्व गरेको हुनु पर्दथ्यो । तर हामीले त्यो जिम्मेवारी पुरा गर्न सकेका छैनौं । त्यसको निमित्त पार्टीले संगठन र संघर्षमा जोड दिनुपर्ने हामीले महशुस गरेका छौं । यी बैठकहरुको मुख्य जोड तिनै विषयमा रहने छ भन्ने ठानेको छु ।

***बैठकले लिने निर्णयहरुको वैचारिक, राजनीतिक र सांगठानिक महत्वबारे प्रकाश पारिदिनुस् न ।***

यतिखेर हाम्रो देश जुन संकटबाट गुज्रिरहेको छ, त्यो धेरै नै गम्भीर प्रकारको छ । यो संकट लामो समयसम्म यही अवस्थामा स्थिर भएर बसिरहन सक्दैन । कि यसले अग्रगामी दिशा पक्डन्छ, कि अहिलेको भन्दा पनि ठूलो प्रतिगमनतिर जाने खतरा छ । देशलाई अग्रगामी दिशातिर अघि बढाउनका लागि, ठूलो चुनौती त छ नै, यो राम्रो अवसर पनि हो । त्यसकारण, यो बैठकले लिने वैचारिक, राजनीतिक र सांगनिक निर्णयहरुको धेरै ठूलो महत्व हुनेछ । हामीमा कतिपय कमजोरी त रहेका छन् । तर पार्टीभित्र अभुतपूर्व एकता छ र क्रान्तिकारीहरुको आकर्षणको केन्द्रमा हाम्रै पार्टी छ । यो बैठकले सहि निर्णय लिनेमा हामी विश्वस्त छौं ।

***सिंगो देशले वैकल्पिक राजनीति र नेतृत्वको खोजी गरिरहेको अवस्थामा बसेको पार्टी र मोर्चाको बैठकले त्यस्तो विकल्प प्रस्तुत गर्न सक्छ ?***

निश्चितरुपमा देशले नयाँ र क्रान्तिकारी विकल्प नै खोजेको छ । पश्चगामी शक्तिहरु नेपाली समाजको अन्तर्विरोध समाधान गर्न पूर्णरुपमा असमर्थ भएका छन् । यो कुरा अब प्रमाणित नै भएको छ । हामीसँग विकल्प छ र हामी अहिलेको परिस्थितिको अत्यन्त सापेक्ष विकल्प अघि सार्ने छौं, जुन हाम्रो पार्टीका साथै नेपालका क्रान्तिकारी शक्ति र नेपाली जनतालाई पनि मान्य हुनेछ ।

***पछिल्लो पटक तीन पार्टीबीच राष्ट्रिय स्वाधीनताको विषयमा कार्यगत एकता र संयुक्त संघर्षको घोषणा गर्नुभएको छ । जनतन्त्र र जनजीविकामा मुद्दाहरुमा पनि कार्यगत एकता हुनसक्ने सम्भावना चाहिं कस्तो छ ?***

यतिखेर अन्य दुई दलहरुसँग राष्ट्रिय स्वाधीनताको विषयलाई नै केन्द्रमा राखेर जुन कार्यगत एकता गरेर संघर्षलाई अघि बढाउने प्रयास गरिएको छ, त्यसको सकारात्मक प्रभाव परेको छ भन्ने लागेको छ । तपाईंले भन्नु भएजस्तो जनतन्त्र र जनजीविकाका विषयमा प्रवेश गर्ने वित्तिकै हाम्रा भिन्नताहरु प्रकट हुन्छन् र ती सबै विषयहरु अहिले नै मिलिहाल्ने देखिन्न । सबै कुराहरुलाई सापेक्षतामा नै सोच्ने र लागु गर्नुपर्ने हुन्छ । अहिलेको हाम्रो अवस्थाले हामीलाई यहाँभन्दा बढी गर्ने अनुमति दिएको छैन । त्यसैले हामीले आफ्नै बलबुतामा पनि अलग्गै संघर्षलाई अघि बढाउनुपर्ने आवश्यकता पर्न गएको हो ।

***यो कार्यगत एकताको आयुको विषयलाई लिएर विभिन्न अड्कलबाजी गरिन थालिएको छ । यसको आयु कति लामो हुनसक्छ ?***

हाम्रो पार्टीलाई समाप्तै पार्ने डिजाइनमा काम गरिरहेका पुराना र नयाँ पश्चगामी शक्तिहरुलाई यतिखेर त्यो गर्न नसकिएको र आफ्नै संगठन धरासायी हुँदै गएकोमा हीनताबोध भएको देखिन्छ । यसका साथै यो कार्यगत एकताबाट तिनीहरुलाई जलन पनि भै रहेको छ । तिनीहरु नै यो कार्यगत एकतालाई छिटै भंग गराइहाल्ने षड्यन्त्रमा लागेका छन् । इमान्दारितापूर्वक नै तीन दलहरु यो निर्णयमा पुगेका हुन् भन्ने हामीलाई लागेको छ । त्यसकारण, त्यो षड्यन्त्रलाई हामी सबैले बुझेको हुनाले सतर्क छौं । यो कार्यगत एकता त्यत्ति छिटै समाप्त भै हाल्छ भन्ने लाग्दैन ।

***कार्यगत एकतालाई पार्टी एकतासम्म लैजानुपर्छ भन्ने पनि कतिपयको चाहना देखिन्छ । के त्यस्तो सम्भावना छ र ?***

त्यस प्रकारका चर्चा मैले पनि सुनेको छु । तर पार्टी एकता भनेको कार्यगत एकताजस्तो सजिलो विषय होइन । पार्टी एकता भावनामा बगेर मात्र गर्नु हुँदैन । विचार र राजनीतिक लाइनका हिसाबले अहिले नै पार्टी एकता गर्ने संभावना छैन । हामी प्रष्ट हुनुपर्ने कुरा के हो भने अहिले पार्टी एकताका लागि वहाँहरुसँग वार्ता पनि हुन सक्ने स्थिति देखिँदैन । जहाँसम्म समग्ररुपमा पार्टी एकता गर्ने कुरा हो, अहिले पनि त्यो त भइनै रहेको छ । केही दिनअघि मात्र हाम्रो पार्टी र नेकपा (माओवादी क्रान्तिकारी)का वीच पार्टी एकता भयो र अन्य समुहहरुसँग पनि पार्टी एकता वार्ता चलिरहेको छ र हामी एकताको नजिकै पुगिसकेका छौं ।

***तीन पार्टीबीच वैचारिक र राजनीतिक हिसाबले मिल्न नसक्ने विषयहरु चाहिं के देख्नुहुन्छ ?***

यसमा मार्गदर्शक सिद्धान्त, पार्टीको राजनीतिक रणनीति, सामरिक रणनीति, राजनीतिक शक्तिहरुको विश्लेषण, मुख्य कार्यनीति, कार्यशैली जस्ता धेरै विषयहरु छन् । पार्टी एकताका लागि यी आधारभूत विषयहरु हुन् । यी विषयहरुमा समान धारणा नभैकन पार्टी एकता हुने संभावना छैन ।

***राष्ट्रिय राजनीतिमा 'क्रान्तिकारी विकल्प'को खाँचो टड्कारो बनेर गएको अवस्थामा क्रान्तिकारी माओवादीको नेतृत्वमा आम क्रान्तिकारीहरुको ध्रुवीकरणको सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?***

यो अत्यन्त महत्वपूर्ण प्रश्न हो । नव संशोधनवादी र पश्चगामी प्रवृत्तिका कारण नेपालको कम्युनिष्ट आन्दोलन फुट र विघटनबाट क्षतविक्षत भएको र प्रतिक्रान्ति हावी भएको अहिलेको अवस्थामा त्यसको सामना गर्नका लागि क्रातिकारी विकल्पको खाँचो परेको कुरा सबै इमान्दार क्रान्तिकारीहरुले अनुभूत गरिरहेका छन् । समग्रतामा हेर्दा यस प्रकारको विकल्प नेकपा (क्रान्तिकारी माओवादी) नै हो भन्ने पनि पुष्टि नै भैसकेको छ । सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुको ध्रुवीकरण यसै पार्टीतिर भैरहेको छ । विभिन्न कम्युनिष्ट समुहहरुसँग एकताको प्रकृया जारी छ ।

> *देशलाई अग्रगामी दिशातिर अघि बढाउनका लागि, ठूलो चुनौती त छ नै, यो राम्रो अवसर पनि हो । त्यसकारण, यो बैठकले लिने वैचारिक, राजनीतिक र सांगनिक निर्णयहरुको धेरै ठूलो महत्व हुनेछ । हामीमा कतिपय कमजोरी त रहेका छन् । तर पार्टीभित्र अभुतपूर्व एकता छ र क्रान्तिकारीहरुको आकर्षणको केन्द्रमा हाम्रै पार्टी छ । यो बैठकले सहि निर्णय लिनेमा हामी विश्वस्त छौं ।*

***भारतीय विस्तारवादी हस्तक्षेपका आयामहरुमा दिनदिनै वृद्धि भइरहेको छ । पछिल्लो पटक नेपाली सेनामाथि समेत कब्जा जमाउने भारतीय रणनीतिको पर्दाफास भएको छ । यस घटनालाई कसरी लिनु भएको छ ?***

यस विषयमा हाम्रो धारणा स्पष्ट छ । भारतीय विस्तारवादले नेपाललाई भुटानीकरण गर्दै सिक्किमीकरणमा लगेर टुंग्याउने रणनीति बनाएको छ । भारतमा जुनसुकै पार्टीको सरकार आए पनि तिनले यही नीतिलाई लागु गर्दै आएका छन् । हालको मोदी सरकारले पनि त्यसैलाई निरन्तरता दिएको छ । भारतीय सेनाको नेतृत्वमा विदेशको कार्यक्रममा नेपाली सेनालाई परिचालन गर्ने कुरामा सहमति गरेर प्रचण्ड नेतृत्वको सरकारले यो कठ् पुतली सरकार नै हो भन्ने कुराको पुनः पुष्टि गरेको छ । यसका साथै प्रचण्ड नेपाललाई सिक्किमीकरण गर्ने भारतीय योजनामा सामेल छन् भन्ने कुराको समेत पुष्टि हुँदै गएको छ । सेनाजस्तो राज्यको संवेदलशील अंगलाई विदेशी सेनाको नेतृत्वमा लैजाने निर्णय राष्ट्रघाती निर्णय हो र वास्तवमा यसका निमित्त मुख्य जिम्मेवार सरकारी पदमा रहेकाहरुलाई देशद्रोहीको मुद्दा लगाएर कारवाही चलाउनुपर्ने हो । यस घटनाले नेपालमा राष्ट्रघात कुन हदसम्म पुगेको रहेछ र राष्ट्रघाती र देशद्रोही को को रहेछन् भन्ने तथ्य उजागर गरेको छ ।

***नेपालको जलसम्पदामा एकाधिकार कायम गराउने गरी भारतले तयार पारेको विद्युत व्यापार निर्देशिकालाई चाहिं कसरी हेर्नु भएको छ ?***

यो निर्देशिकामा पनि नेपालको जलस्रोतमाथि एकाधिकार कायम गराउने भारतीय विस्तारवादको योजना प्रतिविम्बित भएको छ । यो योजना पनि नेपाललाई भुटानीकरण गर्दै सिक्किमिकरण गर्ने गुरु योजनाको एउटा कडि हो भन्ने कुरा सहज अनुमान गर्न सकिन्छ ।

***प्रचण्डको सत्तारोहणदेखि २५ बुँदे हुँदै पछिल्ला घटनाक्रमसम्मलाई राष्ट्रिय स्वाधीनताको कोणबाट संक्षिप्तमा चर्चा गरिदिनुस् न ।***

प्रचण्डले सत्तारोहणको ठिकपूर्व भारतीय विस्तारवादसँग आत्मसमर्पण गरेर आफू भारतीय विस्तारवादको नेपाललाई भुटानीहरण गर्दै सिक्किमीकरण गर्ने गुरु-योजनामा सामेल भएको कुरा सार्वजनिक भएको थियो । प्रचण्डको यस प्रवृत्तिलाई लम्पसारवाद भनेर पनि इंगित गरिएको थियो । प्रधानमन्त्री बन्ने बित्तिकै प्रचण्डले भारतीय प्रधानमन्त्रीसँग जुन २५ बुँदे सहमति गरे, त्यसले प्रचण्डबारे गरिएका अनुमान सहि भएको पुष्टि भयो । प्रचण्डलाई अघि सारेर नेपाललाई भुटानीकरण र सिक्किमीकरण गर्न प्रकृयालाई अघि बढाउने योजनालाई भारत सरकारले तीब्रताका साथ अघि बढाइरहेको छ । प्रचण्डलाई नेपालको लेण्डुप दोर्जे बनाउने र उनैबाट नेपाललाई सिक्किमीकरण गर्ने भन्ने भारतको विस्तारवादी योजना त स्पष्ट नै भएको छ । आफू नेपालको लेण्डुप दोर्जे बन्ने कि नबन्ने भन्ने अन्तिम निर्णय त प्रचण्डले नै गर्ने छन् ।

***राष्ट्रिय स्वाधीनताको क्षेत्रमा संघर्ष गर्दै आएको फडिन्द्र नेपाल नेतृत्वको ग्रेटर नेपालले एकताको प्रस्ताव गरेको बुझिन्छ । त्यो पार्टीसँग के एकता सम्भव छ ?***

फडिन्द्र नेपाल लगायतका केही देशभक्त नेपालीहरु सन् १८१६ भन्दा अघिको नेपालको सिमाना नै कायम हुनु पर्दछ भन्ने माग अघि सारेर यसलाई अभियानका रुपमा अघि बढाइरहनु भएको छ । सन् १९५० को नेपाल भारत सन्धिले 'यसभन्दा अघि नेपाल र भारतका बीचमा गरिएका सबै सन्धि सम्झौता खारेज हुनेछन्' भन्ने उल्लेख भएको हुनाले सुगौली सन्धि स्वतः खारेज भएको र नेपालले सुगौली सन्धिपूर्वको आफ्नो सिमाना कायम गर्न सक्ने तर्क पनि अघि सार्दै आउनु भएको छ । हामीले वहाँहरुलाई सच्चा देशभक्त मान्दछौं । तर कम्युनिष्ट हुनु र देशभक्त हुनु एउटै कुरा होइन । सबै कम्युनिष्टहरु देशभक्त हुन्छन्, तर सबै राष्ट्रवादी कम्युनिष्ट हुँदैनन् । गैर कम्युनिष्टहरु पनि देशभक्त हुन सक्दछन् । त्यसकारण वहाँहरुसँग अहिले नै पार्टी एकताको संभावना त छैन । तर देशभक्तिपूर्ण आन्दोलनमा वहाँहरुसँग कार्यगत एकता गरेर अघि बढ्न सकिन्छ र त्यो काम गर्नु पनि पर्दछ ।

***ज्ञानेन्द्र र एमालेले पनि राष्ट्रियताको कुरा गर्दै आएका छन् । उनीहरुको राष्ट्रियताभन्दा तीन वाम घटकले उठाउँदै आएको राष्ट्रियताको सवालमा के कति फरक छ ?***

पूर्व राजा ज्ञानेन्द्रले बेला बखत नेपालको राष्ट्रियता खतरामा परेको लगायत नेपाली राजनीतिका विभिन्न विषयहरु उठाउने गरेको पाइन्छ । उनले जारी गर्ने गरेका ती विज्ञप्तिमा राजसंस्थाले नै अहिलेसम्म नेपालको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय एकता जोगाएको र अब पनि त्यसका निमित्त नेपालमा राजतन्त्र चाहिन्छ र नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्छ भन्ने किसिमका अभिव्यक्ति दिने गरेको पाइन्छ, जुन कुरा गलत हो । यसबाट उनले राष्ट्रिय स्वाधीनता र हिन्दु धर्मलाई राजतन्त्र फर्काउने हतियार बनाउने प्रयास गरेको बुझिन्छ । सच्चा राष्ट्रवादीले आफ्नो स्वार्थभन्दा माथि उठ्न सक्नु पर्दछ, जुन कुरा उनको विज्ञप्तिमा पाइँदैन । एमालेले जुन राष्ट्रियताको कुरा गरिरहेको छ, त्यसको सम्बन्ध यो पश्चगामी संविधानलाई लागू गर्ने कुरासँग सम्बन्धित छ । नेपाल र भारतका वीचमा जलस्रोतलगायतका विषयमा भएका असमान सन्धिसम्झौता खारेजी एमालेको राष्ट्रियताभित्र पर्दैनन् । यो संविधान पश्चगामी छ । पश्चगामी हुनुको अर्थ यो संविधान राष्ट्रघाती पनि छ भन्ने हो । यो संविधानलाई उत्कृष्ट ठान्ने र यसैलाई लागु गर्नका लागि जसरी पनि निर्वाचन गराउने भन्ने एमालेको लाइनसँग राष्ट्रियताको कुनै साइनो छैन । हाम्रो पार्टीलगायतका तीन दलले जुन राष्ट्रियताको विषय उठाएका छन्, त्यो जलस्रोत र अन्य विषयमा नेपाल र भारतका बीचमा भएका असमान सन्धिसम्झौताको बिरोधमा केन्द्रीत छ । यो नेपाललाई भुटानीकरण र सिक्किमीकरण गर्ने गुरु योजनाको बिरुद्ध छ ।

***अब नेपालमा राष्ट्रिय स्वाधीनताको आन्दोलन कसरी अगाडि बढ्ने देख्नुहुन्छ ?***

पछिल्लो चरणमा नेपालमा राष्ट्रघाती र देशद्रोही कामहरु जसरी खुला र नांगो रुपमा अघि बढिरहेका छन्, त्यसले आमरुपमा देशभक्त नेपालीलाई राष्ट्रिय स्वाधीनताप्रति सचेत र चिन्तित तुल्याएको छ । उनीहरुले हाम्रो पार्टीले यस विषयमा आन्दोलन उठाओस् र यसको नेतृत्व लेओस् भन्ने चाहना राखेका छन् । यसका साथै उनीहरु आफूले पनि केही न केही गर्नुपर्छ भन्ने धारणा पनि व्यक्त गरेका छन् । यी सबैबाट के अनुमान गर्न सकिन्छ भने नेपालमा देशभक्तिपूर्ण आन्दोलन अघि बढ्ने प्रवल संभावना छ । जहाँसम्म हाम्रो पार्टीको जिम्मेवारीको कुरा छ, हामी त्यस प्रकारको आन्दोलनको अग्रपंक्तिमा रहने छौं र त्यसको नेतृत्व गर्न पनि तयार छौं ।

***अन्तमा, छुटेका केही विषय छन् भने राखिदिनुस् न ।***

अहिले नेपालमा ठूला संचार माध्यमहरुलाई पश्चगामीहरुले पकडमा लिँदै गएका कारणले उनीहरुले क्रान्तिकारी विचार र गतिविधिप्रति अनुदार नीति अपनाउँदै गएको र प्रगतिशील पक्षधर संचारमाध्यमको भूमिका कमजोर हुँदै गएको अवस्थामा वर्गदृष्टिले जुन भूमिका खेलिरहेको छ, त्यो प्रशंसनीय छ । यो प्रगतिशील साप्ताहिकको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद !

# ‘राष्ट्रिय स्वाधीनता’सम्बन्धी ज्वलन्त सवालहरु

नेपाली जनताले आफ्नो मुक्तिको लागि दुईवटा पहाड पन्छाउनुपर्छ, सामन्तवादी पहाड र साम्राज्यवादी हाम्रो सन्दर्भमा अमेरिकी साम्राज्यवाद समर्थित भारतीय विस्तारवादी पहाड । जनतन्त्र र राष्ट्रियताको यो लडाईं नजितिकन नेपाल स्वाधीन र सम्पन्न बन्नै सक्दैन । यो कुरा नेपाली जनताले राम्रैसँग बुझेका छन् । नेपाली जनताको यही मनोभावनामा खेल्दै राष्ट्रियताको नाममा सत्तामा जाने र विस्तारवादको चाकडी गरेर सत्तामा टिकिरहन खोज्ने प्रवृत्ति लामो समयदेखि दोहोरिरहेको छ । नेपाली जनताले समकालीन सबै राजनैतिक पार्टीहरुलाई जाँच्ने, परखने र कसी लगाउने काम गरिसके । यसमा कुनै पनि पार्टी खरो उत्रन सकेनन् । सरकारबाहिर रहँदा विस्तारवादविरुद्ध सुरुङ खन्नेसम्मको धमास लगाउने, सरकारमा पुगेपछि विस्तारवादको पाउ मोल्ने हर्कत नेपालका विद्यमान सबै ठूला राजनीतिक पार्टीहरुले गरिसके ।

जब मानिसमा विश्वासको संकट बढ्छ, तब वितृष्णा पैदा हुन्छ । निराशा उत्पन्न हुन्छ, निराशाले पलायनता, कुण्ठा, घृणा, अश्लिलता र आत्महत्यातर्फ डोऱ्याउँछ । यसकै कारण हो कि आफ्नै आमा समान मातृभूमि नेपाललाई धारेहात लगाउँदै दिनको पन्ध्रसयभन्दा बढी युवाहरु विमानस्थलबाट मात्रै बाहिरिन्छन् । स्थल मार्गहुँदै भारत जाने र त्यहींबाट अरु देशमा बाहिरिनेको संख्याको हिस्सा अझ ठूलो छ । पहिला पहिला बृटिश आर्मी र भारतीय सेनामा जाँदा त भन्ने गरिन्थ्यो, ‘केही जान्ने सुन्ने बल बुद्धि भएका सबैको विदेश बास, कसको मुख हेरी ती गाउले बसोस्, कसको पो गरोस् आस’ । आज त्यो प्रवृत्ति अन्य क्षेत्रमा समेत बढेर गएको छ ।

आज चिया पसल, चोक, चौतारा र सार्वजनिक स्थल, यातायात, सामाजिक संजाल सबैमा राजनीतिक पार्टी र तिनका नेताहरुलाई गाली नगरेको, नसरापेको कुनै क्षण हुँदैन । कुनै पनि राजनीतिक पार्टीका कार्यकर्ता र नेताहरुले ती आरोपहरुको मुख बुझो लगाउन सक्ने गरी प्रतिवाद गर्ने हिम्मत नै राख्दैनन् । हरेक वादलमा चाँदीको घरा हुन्छ भनेझैं राष्ट्रियता र जनतन्त्रलाई अगाडि बढाउने पार्टीहरु नभएका होइनन्, तर तिनीहरु तत्काल सत्ताको विकल्प बनिसकेका छैनन् । प्रतिक्रियावादी राज्यसत्ताको कसीमा राष्ट्रियताको नाममा गएपनि प्रजातन्त्रको नाममा गएपनि हनु यही हो, जसरी हिजो राष्ट्रियताको नाममा राणा र पञ्च थिए, र आज लोकतन्त्रको नाममा कांग्रेस, एमाले र माओवादी केन्द्र छन् । मालेमावादले प्रतिक्रियावादी राज्यसत्तामा जानु हुन्न भनेको मुख्य चुरो कुरा यही हो ।

बाहिर बाहिर भारतीय विस्तारवादको विरोध गर्ने, सुरुङ खन्न लगाउने र भित्रभित्र भारतसँग उच्च सम्बन्ध कायम गर्ने र भारतीय हितविपरीत काम गर्दैनौं भनेर लिखितम कपाली तमासुक गरेर दिएको परिणाम हो अहिलेको परिस्थिति । राष्ट्रियताको चर्को दुहाइ दिएको र भारतीय चेकपोष्ट हटाएको प्रचार भएको बेलामा समेत कालापानीमा सेना राख्न दिएको र १९६५ को गोरखा सैनिक सन्धि गरेको आरोप लागिरहेको छ भने अहिले गरिएको खुल्ला दलालीका विरुद्ध कति ठूलो जनमत बनिरहेको होला सहजै अनुमान गर्न सकिन्छ । हिजो प्रजातन्त्र वा लोकतन्त्रको नारा लगाउदा अराष्ट्रिय तत्व र भारतीय प्रजातन्त्र भन्ने आरोप लगाइन्थ्यो । आज देशभक्त वा राष्ट्रियताको कुरा गर्दा मण्डले राष्ट्रवाद वा महिन्द्रीय राष्ट्रवादको आरोप आउने गरेको छ । दुवै अतिवादबाट बच्नु पर्दछ । कसैले राष्ट्रिय स्वाधीनताको कुरा उठाउँदा त्यसप्रति छि छि र दुर दुर गर्नुपर्ने कुनै जरुरी छैन । नेपाली कांग्रेसलाई प्रजातन्त्रको नारा लगाउँदा एक पटक नेपालमा त्यस्तै गरिन्थ्यो । तर राजाको निरंकुशताको विरुद्ध लडेर संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन कांग्रेससहितको कार्यगत एकता गर्नुपऱ्यो । निश्चय नै राष्ट्रियताको नारा लगाउने र सत्तामा गएर निरंकुशता लाद्ने र लोकतन्त्रको नारा लगाएर सत्तामा जाने र विस्तारवादको दलाली गर्ने दुवै प्रवृत्ति हानिकारक छ । त्यसैले त राष्ट्रियता र जनतन्त्रलाई दाहिने देब्रे गोडा चालेझैं लेफ्ट राइट लेफ्टको तालमा अगाडि बढाउनु पर्दछ र जुन समयमा एउटा प्रधान समस्या भएर आउँछ, त्यसका विरुद्ध मिल्न सक्ने जतिसँग मिलेर त्यो समस्याको हल गर्दै अगाडि बढ्नु पर्छ ।

हामीले माथि जुन व्याख्या गऱ्यौ, मालेमावादले संसारको व्याख्या गर्ने मात्र मुख्य कुरा होइन, संसारलाई फेर्ने कुरा मुख्य हो भनेर मान्दछ । अहिले राष्ट्रिय स्वाधीनताको मुद्दा मुख्य भएर आएको छ । हरेक कुरा एकको दुईमा विभाजन हुन्छ भनेझैं अहिले हरेक पार्टीमा दलाल पनि छन् र राष्ट्रिय स्वाधीनताको पक्षधर पनि छन् । तात्कालिक सत्ता र सरकारको स्वार्थले गर्दा भित्रभित्रै गुम्सिएर बसेका छन् । बलियोले कमजोरलाई सँधै उपयोग गर्दछ । क्रान्तिकारी देशभक्तहरुको पार्टीमा दुश्मनले हमेशा घुसपैठ गराउने, त्यो पार्टीमा बलियो स्थान बनाउन लगाउने र सिंगै पार्टी कब्जा गर्न लगाउने, नसकेमा फुटाउने गर्दछ । नेपालका हरेक पार्टी यो चक्र पार गरेर अगाडि बढेका छन् । पार्टी पनि आफैमा एउटा गतिशिल बस्तु हो । त्यो पनि फेरिन्छ, कहिले त्यही पार्टी देशभक्त हुन्छ, कहिले दलाल हुन्छ । उदाहरणका लागि चीनको कोमिन्ताङ पार्टी सन् यात्सेनको नेतृत्व रहुन्जेल रुससँग मित्रता र कम्युनिष्टसँग सहकार्य गरेको थियो । त्यही पार्टीमा च्याङकाइसेक नेतृत्वमा आएपछि अमेरिकासँग मित्रता र कम्युनिष्टसँग दुश्मनी व्यवहार गर्न थाल्यो । हामीले हरेक पार्टीभित्र रहेका देशभक्त र राष्ट्रिय स्वाधीनताका पक्षधरहरुलाई देश र जनताको पक्षमा ल्याउन कोशिस गर्नुपर्दछ । त्यो त्यति सजिलो विषय होइन । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रक्षमा दह्रो आवाज उठाउँदै एउटा शक्तिशाली अवस्थामा नपुऱ्याउदासम्म दविएर बसेका त्यस किसिमका शक्तिहरु विद्रोह गर्न सक्तैनन् । राष्ट्रियता र जनतन्त्रको समस्या हल गर्ने भनेको नयाँ जनवादी क्रान्तिले मात्र हो । यही क्रान्तिले मात्र नेपाली जनताका दुश्मन दुई ठूला पहाड सामन्तवाद र साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवादलाई हटाउनेछ । यो रणनीतिक लक्ष्य प्राप्त गर्न सैद्धान्तिक रुपमा सहमत हुने तीनवटा कम्युनिष्ट पार्टीहरु नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपा (माओवादी) वीच कार्यगत एकता भएको छ, यो खुशीको कुरा हो । यो रणनीतिक हिसाबले महत्वपूर्ण छ र यसलाई रणनीतिक संयुक्त मोर्चाको रुपमा विकास गरेर लैजानु



चन्द्रहरि सुवेदी‘अटल’

*हामीले कुनै वीर खोज्ने गल्ती गर्नु हुँदैन । निराशा र अराजकताले एउटा खाली ठाउँ खडा गर्दछ र त्यसलाई भने निरंकुशताको जन्म हुन्छ भनेर निरंकुश तत्वहरुले तर्साउने गर्छन्, हिजो पनि त्यस्तै भनियो र त्यही खाली ठाउँमा ०६१ माघ १९ गते ज्ञानेन्द्रले ‘कू’ गरे तर नेपाली समाज धेरै अगाडि बढेको थियो र त्यो निरंकुशतालाई सवा वर्ष भै ०६३ वैशाख ८ गते ध्वस्त बनाइदियो । यथास्थितिको विकल्प पश्चगमन होइन, अग्रगामी नयाँ जनवादी क्रान्ति हो ।*

पर्दछ । तात्कालिक राजनैतिक हिसाबले मिल्नसक्ने विषयवस्तु खोजेर कार्यगत एकता पनि गर्नुपर्दछ । कार्यनीति र रणनीतिको सामन्जस्य मिलाउदै अगाडि बढ्न जरुरी छ । संदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं भनेर थालिएको जनयुद्धलाई संसदीय व्यवस्थामा नै विसर्जन गराएपछि एउटा ठूलो अविश्वास र निराशा छाएको छ र जुन जोगी आएपनि कानै चिरेका र यिनीहरु पनि सत्ता (सरकार) मा गएपछि त्यस्तै हुन् भन्ने परेको छ । त्यसैले पनि क्रान्ति र परिवर्तनप्रति अविश्वास भएर पलायन, विघटन र विश्रृङ्खलता बढेको हो । धैर्यतापूर्वक सिद्धान्तमा दृढता र कार्यनीतिमा लचकता अपनाउँदै एक एक थुङ्गा फूल उनेर माला बनाएझैं अगाडि बढ्दा यी सबै कुरा उल्टिन्छन् र अविश्वास विश्वासमा बदलिन्छ, क्रान्तिकारी उभार फेरि उठ्छ । प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत पनि देश र जनताको पक्षमा भएको राम्रा कामलाई सकारात्मक रुपमा र विरोधमा भएका कुरालाई नकारात्मक रुपमा लिनु पर्दछ । वर्तमान सरकारले भारतसँग गरेको २५ बुँदे सम्झौता राष्ट्रघाती भएको कुरा प्रष्ट भैसकेको छ । जनतावीचको अन्तरविरोध हल गर्दा जहिले पनि मैत्रीपूर्ण ढंगले हल गर्नुपर्दछ र जनवादी केन्द्रीयताको तरिकाले समस्या समाधान गर्नु पर्दछ । बहुसंख्यक जनताको विरोधमा जाने  कार्य कुनै पनि हालतमा जनवादी कार्य हुन सक्दैन । नेपालमा जब जब विस्तरवादविरोधी आन्दोलन उठ्दछ, तब तब भारतीय विस्तारवादले भित्र भित्र अन्तर्ध्वंश मच्चाउने, आन्दोलनकारीलाई हत्या गर्ने, आतंकित बनाउने, घुसपैठ गराउने गर्दछ । हिजो गौर घटना, ६ दिने आन्दोलनमा विरगंजमा भएको आक्रमण र लुटपाटको घटना, माओवादीका राज्यस्तरमा शम्भू यादव, कन्हैया यादवलगायत एक दर्जन नेता, कार्यकर्ताको हत्याको घटनाको श्रृङ्खला घटाएको थियो । आज विभिन्न निहुँमा त्यस किसिमका घटनाहरुको सुरुवात भएको छ । सामन्तवाद, नोकरशाही पुँजीवाद र दलाल पुँजीवाद मिलेर बनेको प्रतिक्रियावादी सत्तामा तात्विक भिन्नता आएको छैन । सामन्तवादी नाइके राजतन्त्र हटेको, केही पुँजीवादी उत्पादन बढेको, र सत्ताको हालीमुहालीमा सामन्तको ठाउँ दलालले दिएको हुँदा दलाल, नोकशाही पुँजीवाद र सामन्तवाद मिलेर बनेको घरेलु प्रतिक्रियावाद नेपाली जनताको प्रधान शत्रु बनेको छ । जसलाई भारतीय विस्तारवादले परिचालित र निर्देशित गरेको छ । हिजो पञ्चायत र राजाको निरंकुशतन्त्र हावी थियो, विस्तारवादले पर्दा पछाडिबाट दबाब दिन्थ्यो, नेपाली जनतालाई थाहा हुँदैन थियो । बाहिर हेर्दा सबै काम नारायणहिटी दरबारले गरेको थियो । त्यसबेला पनि कसरी दबाब दिइन्थ्यो भन्ने कुरा दरबार निकट थुप्रै लेखकहरुले लेखिसकेका छन् । तर आज प्रत्यक्ष रुपमा स-साना कुरामा पनि दिल्ली दरबारबाट, लैनचौरबाट हस्तक्षेप गरेको कुरा नेपाली जनताले देखिसकेका छन् । लेख्न, बोल्न र सभा, संगठन गर्न पाउने वर्तमान अवस्थामा त यस्तो हस्तक्षेप छ भने पर्दा पछाडिबाट झन् कति गर्दो हो । जनताको यो अधिकारलाई प्रयोग गर्दै हामीले यहाँका दलाल र विस्तारवादको सशक्त भण्डाफोर र चिरफार गर्न जरुरी छ । संविधानमा भएका गणतन्त्र, संघीयता, धर्म-निरपेक्षताका सकारात्मक कुरा भएपनि सारतः यो संविधान प्रतिक्रियावादी र जनविरोधी भएकोले यसको खारेजी गर्दै जनगणतन्त्रात्मक संविधानको निर्माणमा दृढतापूर्वक लाग्नु पर्दछ । तत्काल भने राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई लिएर मिल्नसक्ने शक्तिसँग मिलेर अगाडि बढ्नु पर्दछ । हामीले राष्ट्रिय स्वाधीनताको विषयलाई सत्तामा जाने भऱ्याङ बन्न अब कसैलाई दिनु हुँदैन । एकथरि दलालहरु के भन्छन् भने हिजो तिमीहरु सत्तामा सरकारमा हुँदा यस्तो यस्तो दलाी गऱ्यौ, विस्तारवादीको चाकरी गऱ्यौ, हामीले गरेको राष्ट्रघात, विस्तारवादको दलालीमा तिमीहरुले विरोध गर्न पाउँदैनौं र तिमीहरुको विरोधको अर्थ छैन भन्ने गरेका छन् । यो कुरा गलत हो, हिजो कसैले गरेको ‘ पापको’ प्रायश्चित गर्छु र अब आइन्दा यस्तो गल्ती दोहोऱ्याउँदैन भने ठीकै छ, उसलाई शंकाको लाभ दिनु पर्छ आश गर्नुपर्छ आश गर्नु पर्छ तर भर पर्नु हुँदैन र हरेक पाइला-पाइलामा अनुगामन गर्नुपर्छ ।

हिजो क्रान्तिको कुरा गर्दा भू-राजनीतिक अवस्था क्रान्तिको मुख्य बाधक तत्व होइन, वर्ग संघर्षमा होमिन आव्हान गरे, आज लाजै पचाएर भू-राजनैतिक अवस्थितिका कारण संसदीय व्यवस्था मान्न बाध्य भइयो भन्न थालेका छन् । आफ्नो लक्ष्य र निष्ठाप्रति यहाँ भन्दा अविश्वास के हुन सक्छ । हामीले कुनै वीर खोज्ने गल्ती गर्नु हुँदैन । निराशा र अराजकताले एउटा खाली ठाउँ खडा गर्दछ र त्यसलाई भने निरंकुशताको जन्म हुन्छ भनेर निरंकुश तत्वहरुले तर्साउने गर्छन्, हिजो पनि त्यस्तै भनियो र त्यही खाली ठाउँमा ०६१ माघ १९ गते ज्ञानेन्द्रले ‘कू’ गरे तर नेपाली समाज धेरै अगाडि बढेको थियो र त्यो निरंकुशतालाई सवा वर्ष भै ०६३ वैशाख ८ गते ध्वस्त बनाइदियो । यथास्थितिको विकल्प पश्चगमन होइन, अग्रगामी नयाँ जनवादी क्रान्ति हो । महान् एगेंल्सले यस बारे प्रष्ट पारिसक्नु भएको छ कि इतिहासमा पछाडि पारिएका उत्पीडितहरुले उपयुक्त मौका पाए भने प्रगतिशिल शक्तिसँग मिलेर सबैभन्दा अग्रिम मोर्चामा लड्न आइपुग्छन् भनेर । हामीले अब पनि कुनै वीर आइदेला र मुक्ति गरिदेला भनेर सोच्नु हुँदैन । देश र जनतालाई नजरबन्दमा राखेर बोल्न, लेख्न र सभा, संगठन गर्न नदिएर निरंकुशता लाद्नेहरुले देश मैले जोगाएको भन्नु र फिस्टाले बाँस नुगाएको भनेर धक्कु लगाउनु एउटै कुरा हो । बरु राष्ट्रिय स्वाधीनताका पक्षधर सम्पूर्ण नेपालीहरुको एउटा बृहत्तर मोर्चा बनाएर जनतान्त्रिक अधिकार हक अधिकार प्रयोग गर्दै, व्यापक र विस्तृत आन्दोलनको सृष्टि गर्न जरुरी छ । अब संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प पञ्चायत र राणा शासनको उल्टो बाटो होइन । नयाँ जनवाद र समाजवादको सुल्टो बाटो हिड्नु पर्छ । त्यसले मात्र वर्तमान यथास्थितिवादको हल गर्दछ । विगतका पश्चगामी, सामन्ती तत्वहरुले पनि आत्मालोचना गर्दै अग्रगामी र किसान मजदुरसँग मिलेर सबैलाई अगाडि बढ्न मार्ग प्रशस्त गर्नु पर्दछ । हामीले हतारमा गल्ती गर्ने र फुर्सदमा पछुताउने गर्नु हुँदैन । पुरानो सत्ता ढाल्न माग होइन, नयाँ सत्ता संचालन गर्न पनि हरेक देश १५-२० वर्षको गृहयुद्धबाट गुज्रनै पर्छ भन्ने महान् मार्क्सको भनाईअनुसार पनि हामी गृहयुद्धको प्रक्रियाबाट गुज्रदै आएका छौं । वर्ग संघर्षका रुप भने कहिले भुसको आगोजस्तो भित्रभित्रै सल्कने, कहिले नारा जुलुसको रुपमा मानव समूहको लहरको रुपमा र कहिले बन्दुकको नाल तान्ने रुपमा व्यक्त हुन्छ भन्ने लेनिनको भनाईअनुसार अगाडि बढिरहेको छ । कहिलेकाँही सफलता सकारात्मक रुपमा मात्र नभएर सह उत्पादनको रुपमा पनि उदेश्य पूरा हुन्छ । उदाहरणका लागि लेनिनलाई  देश बेचुवाको आरोप लागेका ब्रेस्त लितोभस्क सम्झौतामा उक्राइन लगायत गुमाएको भू-भाग सोभियत संघको आफ्नो तागतले भन्दा जर्मनीमा क्रान्ति भएर आएको सरकारले फिर्ता दियो । भारतमा नयाँ जनवादी क्रान्ति भयो वा छिमेकी देशसँग राम्रो सम्बन्ध कायम गर्ने प्रगतिशील सरकार आएमा सुगौली सन्धिमा गुमेको भू-भाग समेत फिर्ता हुन सक्छ । दोस्रो विश्व युद्धमा जहाँ जहाँ सोभियत लालसेना पुगे, त्यहाँ त्यहाँ समाजवादी सत्ता आयो । त्यसकारण साम्राज्यवाद र विस्तारवादले टाउको उठाएर पनि हेर्न नसक्ने गरी हाम्रो देशको राष्ट्रिय स्वाधीनतालाई बलियो बनाउनु पर्छ । बाँकी कुरा समाज विकासको/परिवर्तनको नियमअनुसार आफैं स्वचालित भइहाल्छ । वर्ग रहेसम्म वर्ग संघर्ष त कसैको इच्छा विपरित निरन्तर भइरहन्छ । त्यो व्यक्तिगत झगडाको रुपमा होस् वा व्यापक सामूहिक प्रयत्नमा निरन्तर भइरहने प्रक्रिया हो ।

◆ झर्रोटर्रो | कैलुब्राह

## ‘भूत’

यतिखेर नेपाल मण्डलमा एउटा ‘भूत’ सवार भएको छ । देश देशाटन घुमेर आए लगत्तै कागतको चिर्कटोमा केही टुनामुना लेखेर बाहिर फाल्न के भ्याएको थियो, एकाथरी मनुवा थर्कमान भए । विशेष गरेर त्यो ‘भूत’ले सरकार, सरकारी दलका लाउकेहरू र विगतमा सरकार चलाएर डकारेका दल र तिनका मुखियाहरूलाई नराम्ररी थर्काएको छ । उनीहरूको ज्यानमा २०७२ बैसाख १२ को महाभूकम्प भन्दा पनि बढ्ता भूकम्प गएर लुगलुग काँपिरहेका छन् ।

यसरी ‘भूत’ले आतङ्क मच्चाएको खबर झर्रोटर्रो पत्रिकासम्म आएपछि म अर्थात् कैलुब्राह सत्यतथ्य रिपोर्टिङ गर्न भन्दै कान्तिपुरी नगरीमा निश्किएँ । शाषकदरबार, शाही‘भूत’ बस्ने गरेको ‘भूत’दरबार हुँदै सरकारवादी दलहरूका दरबारसम्म जताततै मण्डल मार्दै म नागार्जुनको जङ्गलतिर जाँदै थिएँ अचानक दारेमष्टसँग मेरो जम्काभेट भयो । त्यसपछि म र दारेमष्ट कान्तिपुरी नगरीको एउटा रेष्टुराँमा बसेर बात माऱ्यौं । समाचार सङ्कलन गर्न निस्किएको मलाई दारेमष्टले उल्टै बिभिन्न प्रश्नहरू सोधेर अन्तरवार्ता पो लियो त । प्रस्तुत छ दमारेमष्ट र मेरा बिचमा भएको कुराकानीको सङ्क्षिप्त अंश ।

**उसले सोध्यो** : कैलुब्राह ज्यू लौ भन्नुस् त शाही‘भूत’सँग यी सरकारी मनुवा किन थुरथुर भएर काँपिरहेका छन् ?

**मैले भने** : हेर मस्ट भाइ, आत्मबल कमजोर भएका मनुवाहरूलाई ‘भूतप्रेत’, ‘ बोक्सीकाक्सी’, ‘मैमसान’ र ‘दैदेउतामा’ विश्वास हुन्छ । यी मनुवाहरूको आत्मबल कमजोर छ । मुटु सानो छ । दिमाग पनि आफ्नो छैन । अरूले सिकाएको बुद्धिले काम गर्छन् । यिनीहरूका खुट्टा पनि कमजोर छन् । बैसाखी टेकेर हिँडेका छन् । त्यसैले थुरथुर काँपेका हुन् ।

**उसले सोध्यो** : हैन सरकारले त झन् कट्टुमै तुर्क्याएर बैठकमै ‘भूत’ले जारी गरेको वक्तव्यको चिर्कटाबारे छलफल गरे त किन होला ?

**मैले भने** : यो सरकार पनि दलालहरूको सरकार हो, आफू भन्दा झन् ठूलो दलालले आफूहरूलाई हुत्याउँछ कि भनेर कट्टुमा तुर्क्याएका होलान् ।

**उसले सोध्यो** : ‘भूत’ कसरी दलाल भयो त ?

**मैले भने** : देखेनौ मस्ट भाइ, भारत, हङकङ, सिङ्गापुर हुँदै चाइना घुमेर प्रभुहरूलाई भेटेर आएको । दलाल नभा’भे त्यसरी देशाटन चाहार्दै समर्थन जुटाउन हिँड्न पर्थ्यो त ?

**उसले सोध्यो** : गुज्जर भैयाले त ‘भूत’लाई वर्तमान बनाउन कस्सेर लाग्या छन् रे त ? पञ्चप्रेतहरूको पार्टीलाई पनि उनैले मिलाइद्या हुन् रे । ‘भूत’लाई साथ दिनू भन्या छन् रे ?

**मैले भने** : हो हो । तिमीले ठिकै बुझेका रैछौ भाइ । सबै उतैका दलाल हुन् क्या । कोही भित्री दलाल कोही बाहिरी दलाल । कोही साना दलाल कोही ठूला दलाल । सबै भूत र प्रेत दलालहरूलाई मिलाएर पुरानो शाही ‘भूत’को सत्ता फर्काउने रे क्या ।

**उसले सोध्यो** : मन्त्रीहरूको बैठकमा त पुलिसमन्त्रीले शाही दरबारको फाइल खोजेर ज्यानमारामा कोच्न पर्छ ‘भूत’ लाई भनेर ठोके छन् नि ?

**मैले भनें** : ‘पोहर मरिन सासू ऐले आए आँशु’ भनेको त्यही हो । आफ्ना हजुरबाउको सरकारलाई सत्र सालमा ठेंडुकोमा कोचेझैं ‘भूत’ ब्युँतेला र फेरि आफूहरूलाई पनि कोच्ला भनेर झस्केका होलान् । त्यै भएर ‘भूत’लाई थर्काएका होलान् चुप लाग भनेर ।

**उसले सोध्यो** : नयाँशक्तिका डाक्साबले त ‘भूत’लाई बाह्यशक्ति धाउँदै हिँड्नेले राष्ट्रियताको कुरा गर्ने भन्दै दुखेसो पोखेछन् । ‘भूत’ले पश्चगमन फर्काउन खोजेकाले सबै सतर्क रहन आह्वान गरेछन्, किन होला ?

**मैले भने** : ‘भूत’ ले पनि आफ्नै बाटो पछ्यायो भनेर डाहा गरेका होलान् । प्रभुको निर्देशनमा छँदाखाँदाको संविधानसभा विघटन गर्ने मान्छेले अर्कालाई दोस लगाउनुको के तुक रह्यो र ।

**उसले सोध्यो** : रोल्पाली बाबुसापको माउवादीले पनि सङ्घीयता, धर्मनिरपेक्षता नमान्ने रे नि ? किन होला ?

**मैले भने** : पञ्चप्रेतहरूको पार्टी, ‘भूत’ र बाबुसापहरूलाई बाह्यशक्तिले घालमेल पारेर धमिलो पानीमा माछा मार्ने खेल खेल्न थाल्याछ भन्ने सुन्छु म त । गुज्जर भैयाको डिजाइनमा होला क्या । सबै कुरा मलाई नै किन सोध्छौ दारेमस्ट भाइ ? सबै कुरा मलाई के थाहा ? तिमीलाई पनि ‘भूत’ले तर्साए जस्तो छ । अब छुट्टिम फेरि अर्को हप्ता भेटौँला ।

१० पुस २०७३

kailubraha73@gmail.com

## सन्दर्भः १२४ औं माओ जयन्ती

# संसार बदल्ने वैचारिक हतियार माओवाद

*"बैरीको सन्यशक्तिलाई एक एक गरी ध्वस्त पार्न श्रेष्ठ सैन्यशक्ति केन्द्रित गर, क्रान्तिकारी युद्ध जनसमुदायको युद्ध हो, जनतालाई संगठित गरेर उनीहरुमाथि भर परेर मात्र यसलाई चलाउन सकिन्छ । साँच्चिकै फलामे किल्ला के हो ? त्यो जनसमुदाय हो, ती लाखौं जनता हुन्, जो वफादारीपूर्वक र इमान्दारीपूर्वक क्रान्तिको समर्थन गर्दछन् । यो त्यही वास्तविक किल्ला हो, जसलाई कुनै पनि शक्तिले भत्काउन असम्भव छ, विल्कुलै असम्भव छ । प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न सक्तैन, बरु हामीले नै त्यसलाई, सखाप पारिदिने छौं । क्रान्तिकारी सरकारको वरिपरि लाखौंलाख जनतालाई एकत्र गर्दै हाम्रो क्रान्तिकारी युद्धलाई फिजाउँदै हामीहरु सबै प्रतिक्रान्तिलाई सखाप पारिदिने छौं र पूरा चीनमाथि कब्जा जमाउने छौं ।"*

**–माओत्सेतुङ**

आज डिसेम्बर २६ तारिख । आजको दिन विश्व क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको निम्ति एक ऐतिहासिक दिन हो । किन कि आजकै दिन अर्थात् सन् १८९३ डिसेम्बर २६ तारिखका दिन विश्व सर्वहारावर्गका महान नेता तथा चीनीया कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओत्सेतुङको जन्म भएको थियो । आज चीन लगायत विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरुले कमरेड माओको १२४ औं जन्मजयन्ती बढो धुमधामका साथ मनाउन गइरहेका छन् र क.माओका योगदानहरुको रक्षा गर्ने प्रण गर्दै तथा माओद्वारा प्रतिपादित माओवादलाई संसार बदल्ने वैचारिक हतियारको रुपमा आत्मसात गर्ने कठिबद्धता जाहेर गरिरहेका छन् । नेपालका क्रान्तिकारी कम्युनिष्टहरुले पनि आज क. माओको १२४ औं जन्मजयन्ती बढो धुमधामका साथ बनाउने तयारी गरिरहेका छन् ।

अतः कमरेड माओत्सेतुङको जन्म सन् १८९३ डिसेम्बर २६ तारिखको दिन चीनको हुनान प्रान्तको स्याङतान जिल्लाको पहाडि गाउँ साओ साङचुङमा एक मध्यम वर्गीय किसान परिवारमा भएको थियो ।

कमरेड माओ विश्वसर्वहारावर्गका नेता तथा चीनीया कम्युनिष्ट पार्टीको अध्यक्ष एवं सामन्ती तथा अर्थ औपनिवेशिक मुलुकमा गरिने नयाँ जनवादी क्रान्ति अर्थात् नयाँ खाले पुँजीवादी जनवादी क्रान्तिका सिद्धान्तकार, रणनीतिज्ञ, योजनाकार एवं प्रयोगकर्ता समेत हुनुहुन्छ ।

दीर्घकालिन जनयुद्ध, छापामार युद्ध (गोरिल्ला वार), ग्रामीण इलाकाहरुमा आधार इलाकाहरुको निर्माण, गाऊ देखि शहर घेरेर केन्द्रीय राज्यसत्ता कब्जा गर्ने रणनीतिक योजनाकार र प्रयोगकर्ताको रुपमा क. माओलाई लिइन्छ ।

कमरेड माओले चीनीया समाज भित्र चलेको भीषण दुइलाइन संघर्ष र विचारधारात्मक अर्न्तसंघर्षको सफल नेतृत्व मात्रै गर्नु भएन, ती समस्या र फरक विचारहरुलाई विधिवत र पद्धतिपूर्ण तरिकाले हल गर्दै नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण गरेर त्यसको नेतृत्व समेत गर्नु भयो । कमरेड माओको नेतृत्वमा सन् १९४९ अक्टुबर १ का दिन महान चीनीया नयाँ जनवादी क्रान्ति सम्पन्न भएको घोषणा पनि स्वयम् क.माओद्वारा नै गरियो । र त्यस पछि चीन एउटा नयाँ युगमा प्रवेश गर्‍यो ।

उन्नाइसौ शताब्दिको पूर्वाद्धमा अर्थात सन् १८४८ को फ्रेवरीमा दुनियाँलाई बुझ्ने र त्यसलाई बदल्ने दर्शनका रुपमा मार्क्सवादको जन्म भएपछि यसले संसारभरि एउटा नयाँ तरंग पैदा गर्‍यो । औद्योगिक मजदुरहरु मात्र होइन, उत्पीडनमा पर्दै आएको मानव जातिको ठूलो हिस्सामा समेत यसले अभूतपूर्ण जागरण ल्यायो ।

महान मार्क्सले आफ्ना घनिष्ट सहयोद्धा फ्रेडरिक एंगेल्सको सहयोगमा यही जागरणलाई समेट्दै सर्वहाराक्रान्तिको विज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गर्न खोज्नु भयो । यद्यपि मार्क्स एंगेल्स स्वयं प्रत्यक्ष रुपमा संलग्न नभएको भएपनि मार्क्सवादकै गर्भबाट जन्मेको पहिलो सर्वहारासत्ता पेरिस कम्युन अढाई महिना नपुग्दै असफलतामा टुंगियो ।

पेरिस कम्युनको असफलताको कारण खोजी गर्ने क्रममा महान मार्क्सले सर्वहारावर्गको अधिनायकत्वको अनिवार्य आवश्यकतालाई औंल्याउदै मार्क्सवादको थप विकास र संरक्षण गर्ने क्रममा महत्वपूर्ण योगदान थप्नु भयो ।

मार्क्सवादको जन्मसँगै जन्मेको संशोधनवादले पेरिस कम्युनको असफलतापछि झर्ने ठाउँको उठान थाल्यो । विशेषगरि मार्क्स र एंगेल्सको निधनपश्चात बर्नस्टिन र काउत्स्कीजस्ता संशोधनवादी गद्दारहरुले मार्क्सवादको अपव्याख्या गर्दै यसको सारतत्वमाथि आक्रमण शुरु गरेर सर्वहारा क्रान्तिको दर्शन मार्क्सवादको आत्मालाई मार्ने प्रयत्न गरे । यस प्रकारको उनीहरुको षड्यन्त्र र कुकर्म लामो समयसम्म चल्न सकेन । मार्क्स र एंगेल्सको मृत्यु भएको केही वर्ष पछाडि अर्थात् २० औं शताब्दीको पहिलो दशकमा नै लेनिनले भीषण वैचारिक संघर्षमार्फत् सर्वहारावर्गको क्रान्तिकारी झण्डालाई दह्रोसँग पकड्नु भयो । लेनिनले संशोधनवाद मात्र होइन, तमामखाले मार्क्सवादविरोधी शक्तिहरुमाथि विचारको धारिलो तरवार प्रहार गर्दै मार्क्सवादको रक्षा र विकास गर्नुभयो ।

साम्राज्यवादलाई पुँजीवादको मरणासन्न अवस्थाको चित्रण गर्दै लेनिनले साम्राज्यवादको नयाँ परिभाषासमेत गर्नुभयो । र, लेनिनले भन्नुभयो "आजको युग साम्राज्यवाद र विश्वसर्वहारावर्ग बीचको भीषण वर्गसंघर्षको युग हो ।"


दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीनवटै क्षेत्रमा मौलिक विकास गरेर लेनिनले मार्क्सवादलाई मार्क्सवाद लेनिनवादको दोस्रो र नयाँ चरणमा पुर्‍याउनु भयो ।

लेनिनको देहान्तपछि उहाँका सुयोग्य उत्तराधिकारी स्टालिनले मार्क्सवाद-लेनिनवादको रक्षा गर्नुभयो । तर स्टालिनको निधन भएपछि पुनः सर्वहारा शिविरमाथि संशोधनवादी प्रहार हुन थाल्यो । महान अक्टुबर क्रान्तिद्वारा आर्जन गरिएको सर्वहारासत्ता प्रतिक्रान्तिको साधन बन्न पुग्यो । ख्रुश्चोवी आधुनिक संशोधनवादले गोमन सर्पले फोहोरा दिँदै सोभियतसत्तामाथि भीषण आक्रमण गरेर प्रतिक्रान्तिको बिजारोपन मात्रै गरेन पुँजीवादको पुनःस्थापना समेत गरायो । यसले विश्व सर्वहारावर्ग र सोभियत सर्वहारा अधिनायकत्वमाथि भीषण हमला छेड्यो । यसको असर विश्वभरका सर्वहारावर्गमाथि पर्न पुग्यो ।

स्टालिनको मृत्युपश्चात् सर्वहारा क्रान्तिको नेतृत्व गर्ने अभिभारा कमरेड माओत्सेतुङको काँधमा आयो । क. माओले चीनको विशिष्ट परिस्थितिमा मार्क्सवाद-लेनिनवादको मौलिक प्रयोग गर्दै क्रान्ति र समाजवादको नयाँ मोडेल निर्माण गरी सर्वहारा क्रान्तिको विज्ञान मार्क्सवाद-लेनिनवादलाई तेस्रो र नयाँ चरणमा विकास गरेर मार्क्सवाद-लेनिनवादलाई माओवादको उच्चतम उचाइमा उठाउनु भयो ।

*"मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्ती-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरुका क्रान्तिका समस्याहरुको समाधान गर्नुपर्ने, सन् १९५३ मा स्तालिनको मृत्युपश्चात् रुस एवम् पूर्वी युरोपका कैयौं देशहरुमा पुँजीवादको पुनःस्थापनाका कारणहरुको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरुको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाईं लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुर्‍याउने काम भएको हो । माओवादको सार भनेको सर्वहारा साँस्कृतिक क्रान्ति र निरन्तर क्रान्तिको सिद्धान्त हो ।*

*यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिङ्गो अभेद्य इकाइको रुपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिवादका रुपमा ग्रहण नगरीकन कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्दैनन् ।"*



– हस्तबहादुर के.सी.

दर्शनको क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादको सारतत्वको रुपमा एवं प्रकृति, समाज र मानवीय ज्ञानका सबैक्षेत्रमा द्वन्द्ववादका आधारभूत नियमका रुपमा अर्न्तविरोधको नियमको उद्घाटन माओद्वारा भएको हो । अन्तर्विरोधको नियमको सार्वभौमिकता र प्रधान अन्तर्विरोधको निर्क्योलको पद्धति र महत्वको विश्लेषणले द्वन्द्ववादको समझदारीको विकासलाई क्रान्तिका रणनीति र कार्यनीति निर्धारणमा अन्तर्विरोधको आधारभूत नियमले खेल्ने महत्वपूर्ण भूमिका स्वतः स्पष्ट छ ।

द्वन्द्वात्मक भौतिकवादका तीन नियमलाई उहाँले एउटै नियम अन्तरविरोधमा सूत्रीकरण गर्नुभयो । अथवा यसो भन्न सकिन्छ- मात्राबाट गुणमा रुपान्तरण र निषेधको निषेधलाई दुई विपरीतहरुको सङ्घर्ष र एकतामा सूत्रीकरण गरी त्यसलाई अन्तरविरोधको नियम बताउनुभयो । मात्राबाट गुणमा रुपान्तरण अन्तरविरोधको प्रकृयाबाट हुन्छ । निषेधको निषेध हुँदै हुँदैन, बरु पुरानोको नकार र त्यसको ठाउँमा नयाँको सकार हुन्छ भनी उहाँले ठोकुवा गर्नुभएको छ । पुरानोको नकार र नयाँको सकार पनि अन्तरविरोधकै प्रकृयामा हुन्छ । पुरानो र नयाँ स्वयं विपरित हुन् ।

ज्ञान सिद्धान्तको क्षेत्रमा क. माओले वर्गसंघर्ष, उत्पादनका निम्ति संघर्ष एवं वैज्ञानिक प्रयोगलाई ज्ञानको श्रोत बनाएर इन्द्रीय ग्राह्य ज्ञानबाट बुद्धिसंगत ज्ञानमा पुग्ने प्रक्रियाका सम्बन्धमा तथा सिद्धान्त र व्यवहारको आपसी सम्बन्धका बारेमा क. माओले गर्नुभएको विश्लेषणले मार्क्सवादी दर्शनमा महत्वपूर्ण योगदान पुगेको छ ।

संशोधनवादका विरुद्ध संघर्षका क्रममा द्वन्द्ववादको प्रधान पक्षका रुपमा एक दुइमा विभाजित हुन्छ भन्ने सम्बन्धमा क. माओद्वारा गरिएको विषद व्याख्या र प्रयोगले संशोधनवादसँग लड्नका लागि क्रान्तिकारीहरुको हातमा एउटा धारिलो हतियार प्राप्त भएको छ ।

दर्शनलाई पुस्तकालय, दार्शनिकहरुको अध्ययन र कोठे चिन्तनबाट निकालेर आमजनतासम्म पुऱ्याई एउटा अजय शक्तिका रुपमा प्रयोग गर्नुपर्ने आवश्यकताका बारेमा माओले गर्नुभएको अनुसन्धानले द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई उन्नत रुपले भौतिक शक्तिमा परिणत गर्ने आधार बनेको छ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा नोकरशाही पुँजीवादको चरित्रको विश्लेषण क. माओको एउटा महत्वपूर्ण खोजी हो । नोकरशाही पुँजीवादलाई ध्वंश गरी उनिहरुको सम्पत्ति कब्जा गरेर मात्र उत्पीडित राष्ट्रहरुबाट साम्राज्यवादलाई लखेट्न तथा समाजवादका लागि जगहाल्न सम्भव हुन्छ भन्ने निष्कर्षको महत्व स्पष्ट । समाजवादीकालको अर्थनीतिका आधार भूत सिद्धान्तको जग मजबुद बसाउने काममा क. माओले महत्वपूर्ण भूमिका रहेको छ ।

वैज्ञानिक समाजवादको क्षेत्रमा उत्पीडित राष्ट्रहरुमा नयाँ जनवादी क्रान्तिको समग्र अवधारणाको विकासमा क. माओको ऐतिहासिक योगदान रहेको छ । साम्राज्यवादी युगको वर्गसङ्घर्षको अनुभवका आधारमा मार्क्सवादी सैन्यविज्ञानको उच्चशिखर जनयुद्धको सिद्धान्त ९त्जभयचथ या एभयउभिक धबच० को विकासले अन्तरराष्ट्रिय सर्वहारावर्गलाई एउटा शक्तिशाली हतियारले लैस गर्ने काम गरेको छ । यस सिद्धान्तअनुसार शक्तिशाली दुश्मनलाई परास्त गर्न वैज्ञानिक विधि स्पष्ट भएको छ । 'राजनैतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ ।' भन्ने माओको केन्द्रीकृत भनाइको महत्व पनि स्वयम् स्पष्ट छ ।

समाजवादी कालभरि वर्गसङ्घर्ष जारी रहने क.माओद्वारा विकास गरिएको सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत जारी राख्ने सिद्धान्त समाजवादी अवस्थामा पुँजीवादको पुनर्स्थापना रोक्ने एउटा मजबुत सैद्धान्तिक हतियार भएको छ ।

साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादी वर्ग कागजी बाघ हुन् तथा आउँदा ५० देखि १०० वर्ष विश्व अजङ्गको हेरफेरबाट गुज्रनेछ, भन्ने भनाइहरुको असाधारण महत्व रहेको छ । यसले विश्व सर्वहारावर्गलाई क्रान्तिको रणनीति निर्धारणमा महान् योगदान पुर्‍याएको छ । रुसी संसोधनाद र अमेरिकी साम्राज्यवादका विरुद्धको सङ्घर्षमा माओ आफैंले तिनीहरुको प्रयोग गर्नुभएको छ ।

यसरी दर्शन, राजनीतिक अर्थशास्त्र एवम् वैज्ञानिक समाजवादका तीनवटै क्षेत्रमा क. माओले मार्क्सवादी विज्ञानलाई गुणात्मक रुपले त्यसको नयाँ चरणमा विकास गराउनु भएको छ । त्यस अवस्थामा सर्वहारावर्गले आफ्नो मुक्तिको दर्शनलाई मार्क्सवाद-लेनिनवाद-माओवादको एउटा हतियारको रुपमा प्राप्त गरेको छ । माओले सर्वहारावर्गको मुक्तिको लागि जनताको सेना निर्माण गर्ने अनिवार्य भएको बताउँदै दीर्घकालीन जनयुद्धको सिद्धान्त प्रतिपादन गर्नुभयो । उहाँले चीनमा समाजवाद निर्माणको नयाँ बाटो खोजी गर्नुभयो र महान् सर्वहारा साँस्कृतिक क्रान्तिमार्फत् निरन्तर क्रान्तिको सिद्धान्त आविष्कार गरि विश्वसर्वहारा क्रान्तिलाई संशोधनवाद विरुद्ध लड्न वैचारिक हतियार प्रदान गर्नुभयो ।

अतः घटनाक्रमहरुले शान्दार ढंगले के पुष्टि गर्दै आएको छ भनै वर्तमान विश्वमा साम्राज्यवादले खडा गरेको चुनौतीहरुको सामना गर्न सक्ने सामर्थ्ये माओवादले मात्र राख्दछ । त्यसैले माओवाद संसारभरिका दुश्मनहरुका लागि एउटा आतंकको विषय बनेको छ ।

क्रान्ति व्यवहारबाट पनि यो स्पष्ट भएको छ कि संसार बदल्ने वैचारिक हतियार माओवाद हो र यसले मात्र दुनियाँलाई बदल्न सक्छ । त्यसैले संसारभरका सबै रुपरंगका संशोधनवादीहरु नयाँ नयाँ पदावली प्रयोग गर्दै माओवादको सारतत्वमाथि भीषण आक्रमण गरिरहेका छन् ।

यो निश्चित कुरा हो कि सर्वहाराक्रान्तिको विज्ञान एउटा गतिशील विज्ञान हो । यो पुरोहितहरुको एउटा धार्मिक ग्रन्थ होइन । तर सधैंभरि संशोधनवादको सुरुवात 'बदलिदो परिस्थिति र सिर्जनात्मक प्रयोग'कै नामबाट हुने गरेको तथ्यलाई क्रान्तिकारीहरुले कहिल्यै पनि विर्सन हुँदैन ।

संक्रमणकालमा क्रान्तिको रक्षा गर्नु नै विचारको रक्षा भनेको माओवादको रक्षा हुन जान्छ । यदि हामीले विचार अर्थात् माओवादको रक्षा र विकास गर्न सक्यौ भने बीसौं शताब्दीका महान उथलपुथललाई दोहोऱ्याउन सक्ने छौं र संसार पुनः एकपटक सर्वहाराक्रान्तिको सुन्दर गर्जनले गुञ्जायमान हुनेछ ।

एकाइसौं शताब्दीको सर्वहाराक्रान्तिको विज्ञान माओवादको रक्षा र विकास गर्न सक्यौं भने "आगामी ५० देखि १०० वर्षहरु महान उथलपुथलका वर्षहरु हुनेछन्" भन्ने माओको भविष्यवाणी सही सावित हुनेछ । यस महान् उथलपुथलद्वारा फेरी संसार हराभरा हुनेछ र साम्राज्यवादी चिहानमा संसारभरका शोषित, उत्पीडित जनसमुदायले एकैसाथ मुक्तिको गीत गुनगुनाउन पाउने छन् ।

नेपाल आजसम्म पनि अर्थसामन्ती नवऔपनिवेशिक अवस्थामा छ । वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्नका लागि पहिलो चरणमा सम्पन्न गरिने महान नेपाली नयाँ जनवादी क्रान्ति बाँकी नै छ । आज नेपाली नयाँ जनवादी क्रान्ति बाँकी नै छ । आज नेपाली नयाँ जनवादी क्रान्तिका सामु दक्षिणपन्थी नवसंशोधनवाद प्रमुख खतराको रुपमा खडा हुन पुगेको छ । यसले नाना प्रकार र रुपरङ्गका भ्रमहरु सिर्जना गरिरहेको छ । यसलाई परास्त नगरी महान नेपाली नयाँ जनवादी क्रान्ति असम्भव छ । दक्षिणपन्थी नवसंशोधनवादद्वारा नेपाली नयाँ जनवादी क्रान्तिमाथि भीषण हमला भइरहेको वर्तमान परिस्थितिमा नेपालका क्रान्तिकारी कम्युनिष्टहरुले माओवादको वैचारिक हतियारलाई दह्रोसँग पकडेर आत्मसात गर्ने मात्र होइन, मलाई व्यवहारमा क्रियान्वयन गर्नु नै क्रान्तिकारी कम्युनिष्टहरुको अनिवार्य कर्तव्य बन्न पुगेको छ । यसैमा नै कमरेड माओको १२४ औं जन्मजयन्ती मनाउनुको सार्थकता हुनेछ ।

(**लेखक** : नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा केन्द्रीय पार्टी स्कुल विभागका सचिव हुन् ।)



वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# फेरि क्रान्तिको झन्डा उठाउने साहित्य लेखौं



हिरामणि दुःखी

*फेरि एकपटक क्रान्तिको विगुल फुक्न हाम्रा सबै सांस्कृतिककर्मी, साहित्यकार, कलाकारहरु देश दौडाहा गरौं । यसले माओले भन्नुभएको कुरा "यसले क्रान्ति आउनुभन्दा अधि विचारधारात्मक रूपले भूमि तयार पार्दछ र यो क्रान्तिको बेलामा व्यापक क्रान्तिकारी मोर्चामा महत्वपूर्ण, साँच्चै आवश्यक र सङ्घर्षशील एक मोर्चा" बन्न पुग्दछ ।*

साहित्य भनेको क्रान्तिका लागि विचार निर्माणको आधार तथा जनतामा वर्गचेतना जाग्रित गर्ने महत्वपूर्ण साधन हो । यो जनताका निम्ति लेखिनु पर्छ र यसले जनताको सेवा गर्नु पर्दछ । जनताको सेवा नगर्ने साहित्य, साहित्य नै होइन । त्यो बुर्जुवा बौद्धिक विलासको साधन र सस्तो मनोरन्जन दिने वस्तु मात्र बन्न पुग्दछ । अझ प्रगतिशील तथा प्रगतिवादी भावधारामा आधारित साहित्य, कला र संस्कृतिको कुरा गर्ने हो भने त यो मालेमावादी विचारधाराले दीक्षित र निर्देशित गरेको हुनु जरुरी छ । यतिवेला प्रगतिवादी साहित्य, कला र संस्कृतिको विकास र संरक्षण गर्दै निरन्तर क्रान्तिको मालेमावादी सिद्धान्तलाई आत्मसात गर्दै अघि बढ्नु सच्चा क्रान्तिकारी साहित्यकर्मीहरूको दायित्व रहन गएको छ । हामीले साहित्यलाई भाग्य र कर्मवादमा घोलेर जनतालाई पिलाउने वैचारिक विषका विरुद्ध खरो उत्रने र भौतिकवादी द्वन्द्ववादका आधारमा यथार्थको चित्रण र त्यसद्वारा समाजको रूपान्तरणकारी भूमिका निभाउने साहित्य सिर्जना गर्नुपर्छ । अर्कातर्फ साहित्य र कला केवल सस्तो मनोरञ्जन र बुद्धिविलासको साधनको रूपमा उपयोग गर्ने पुरातनपन्थी एवम् यथास्थितिवादी प्रवृत्तिका विरुद्धमा माओले भन्नुभए जस्तै साहित्य र कला जनसमुदायको सेवाका निम्ति भन्ने कुरालाई दृढतापूर्वक आत्मसात गर्ने साहित्यको विकास गर्न प्रगतिवादी श्रष्टाहरू एकढिक्का भएर लाग्नुपर्छ ।

पाठकवृन्द ! अहिलेको समय नेपाली जनताका निम्ति अत्यन्तै पेचिलो र चुनौतीपूर्ण बनेर उभिएको छ । जनतामा जाग्रित हुँदै गएको प्रगतिवादी भावधारालाई विखन्डित गर्न र त्यसलाई एक्लो बनाएर समाप्त पार्नका निम्ति मार्क्सवादी कला चेतनालाई नै विकृत बनाउने प्रयत्नहरू भइरहेका छन् । प्रतिकृयावादीहरूको कूलधर्म नै हो कि जनतामा भ्रम छर्ने, गोलमाल पार्ने र सखाप पार्ने । त्यसैले उनीहरू जनताप्रति सङ्लिँदै गएको वातावरणलाई धुमिल्याउने कसरत गरिरहन्छन् । यो प्रष्ट बुझिने कुरा हो । संसोधनवादीहरू पनि अन्ततः निर्णायक मोडमा पुग्दा प्रतिकृयावादी वर्गकै विचारधारामा गएर मिसिन्छन् । तर, अफसोच र विडम्बनाको कुरा त के छ भने क्रान्तिकारी पार्टी र विचारभित्रको सुधारवादी चेताना र संस्कृति निकै जटिल र चुनौतीपूर्ण हुँदो रहेछ । यो त निल्नु न ओकल्नु जस्तो भएर घाँटीमा अड्कँदो रहेछ । अहिले प्रगतिवादी विचार र संस्कृतिभित्रको मूल समस्या यही बनेको छ । वस्तुगत अवस्था जतिसुकै अनुकूल भएपनि क्रान्तिकारीहरूमा आत्मगत परिस्थिति तयार नहुने हो भने क्रान्ति सुदूर भविश्यको विषय बन्दै जान्छ । अर्को कुरा क्रान्तिकारीहरूमा क्रान्तिको निसाना छनौटमा एकरूपता पैदा हुन सकेन भने त्यसले एकातर्फ स्वयम् क्रान्तिकारीहरूमा विभाजित मनोविज्ञान पैदा गर्दछ भने अर्कातर्फ मध्यमवर्गीय तप्काको ठूलो हिस्सालाई क्रान्तिमा गोलवन्द गर्न सक्तैन । यसले क्रान्तिको विषयमा द्विविधा र संशय पैदा गर्दछ र निर्णायक धक्काको समय पछाडिपछाडि धकेलिंदै जान्छ । फलश्वरूप क्रान्तिका लागि समय आइनसकेको भन्ने तर्कले सार्थकता पाउँछ र क्रान्ति सुधारवादको दलदलमा नराम्रोसँग भासिँदै जान्छ । विश्व कम्यनिस्ट आन्दोलनमा यो रोगले निकै बलियो जरा गाड्दै आएको छ । अहिले हाम्रो देशको क्रान्तिकारी आन्दोलनमा पनि यो रोग सङ्क्रमित भएर पसेको छ र फैलने कोसिस गरिरहेको छ ।

इतिहासको विभिन्न कालखण्डमा जनताले निरङ्कुस र फासिवादी शासनसत्ताका विरुद्ध त्याग र वलिदानीपूर्ण सङ्घर्ष गर्दै आएका छन् । तिनै सङ्घर्षका गाथाहरूलाई पछ्याउँदै पचासको दसकदेखि यता निकै पेचिलो र चुनौतीपूर्ण ढङ्गबाट सञ्चालित वर्गसङ्घर्षद्वारा प्राप्त जनताका उपलब्धिहरूको अपहरण गर्ने र समाजलाई यथास्थितिमै फर्काउने षड्यन्त्रहरू प्रतिगामी कित्ताबाट भइरहेका छन् । यस्ता षड्यन्त्रहरू विगतमा अँध्यारो कुनाबाट मन्चन गरिन्थ्यो भने अहिले खुलेआम नाङ्गो तरिकाले गरिएको छ । जसले गर्दा जनताले प्राप्त गरेका जनतन्त्रका सीमित उपलब्धिहरू पनि गुम्ने र राष्ट्रिय स्वाधीनता झन्पछि झन् खतरामा पर्दै जाने भएको छ । यसप्रकारको आक्रमणमा साम्राज्यवाद र भारतीय विस्तारवादको हस्तक्षेप तीव्र बन्दै गएको छ भने घरेलु प्रतिकृयावादीहरूले उनीहरूको दलाली गरेर राष्ट्रिय आत्मसमर्पणवादी संस्कृतिको विकास गरिरहेका छन् । अब कलमजीवी सिपाहीहरू आफ्ना कलम, मादल र सारङ्गीहरूलाई तिखारेर, माझेर र अझ तेजिलो स्वर उरालेर जनतालाई सचेत बनाउनुपर्ने भएको छ । साथै विगतमा जनयुद्धले निर्माण गरेको संस्कृतिको संरक्षण गर्दै रातो लालटिनको सांस्कृतिक इतिहासलाई निरन्तरता दिनुपर्ने भएको छ । यतिखेर हाम्रा केही नेतादेखि कार्यकर्तासम्मका जुझारु योद्धाहरूमा वैचारिक स्खलन आएको छ । शान्ति प्रकृयामा आएपछि उनीहरूमा प्राप्त भएको भौतिक परिवेसले क्रमशः चेतनामा स्खलनता ल्याइदिएको छ । यो वस्तुले चेतना निर्धारण गर्दछ भन्ने द्वन्द्ववादी भौतिक विज्ञानले पुष्टि गरेको कुरा हो । आर्थिक अपारदर्शिता, अनियमितता, दण्डहिनता, अराजकता र गुटगत चेतना जसरी विकसित हुन खोजिरहेको छ त्यो वैचारिक स्खलनको परिणति नै हो । क्रान्तिकारीहरूलाई जडतावादी देख्नु र सिर्जनात्मक मार्क्सवादको रटान लगाउनु नै त हो नवसंशोधनवाद । यो भन्दा पनि अझ डरलाग्दो कुरा त के छ भने जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूको संस्थागत विकास गर्दै अघि बढ्नुपर्छ भन्ने नाममा प्रकारान्तरले लोकतान्त्रिक गणतन्त्रमै क्रान्तिलाई सीमित गर्ने र त्यसैमा गोलचक्कर लगाउने प्रयत्न हुनु आमूल परिवर्तनकारी क्रान्तिका निम्ति घातक कुरा बन्न गएको छ ।

हामी साहित्य लेख्छौं समाज रूपान्तरणका लागि । हाम्रो साहित्यले नवीन यथार्थको चित्रण गर्छ र त्यसको भावधारा पकड्नुपर्छ भन्ने कुरालाई दह्रोसँग आत्मसात गर्दछ । त्यसो गर्न सकियो भने मात्र हाम्रो साहित्यको सार्थकता रहन्छ । वर्गीय समाजमा हरेक कुरा वर्गीय हुन्छन् भन्ने कुरा मार्क्सवादको कखराजस्तै सास्वत तथ्य हो । त्यसैले हाम्रो साहित्य, कला, सङ्गीत र सम्पूर्ण सांस्कृतिक पहलुहरू पनि वर्गअनुरूप आआफ्नो पक्षधरतामा खडा भएका हुन्छन् । हाम्रो समाज पनि वर्गविभाजित छ । जसका कारण यहाँ वर्गसङ्घर्ष झन्पछि झन् निर्मम् र पेचिलो बन्दै गएको छ । यस्तो परिस्थितिमा हाम्रा कलम कतातिर भन्ने प्रश्न जब उपस्थित हुन्छ त्यो बेला हामीले भन्नैपर्छ कि हाम्रो कलम जनतातिर । एकातर्फ देशमा अशान्ति, असुरक्षा, अराजकता, दण्डहीनता, हत्या, आतङ्क, लुटपाट, चोरी, डकैती, अपहरण, फिरौतीकाण्ड, वलात्कार आदि जघन्य आपराधिक कृयाकलापहरू दिनहुँ बढिरहेका छन् भने अर्कोतर्फ दमन र राज्यआतङ्क पनि यथावत नै छ । यो सबैको कारकतत्व पछ्यौटे र असमान आर्थिक अवस्थाले निम्त्याएको गरिबी, अभाव, अशिक्षा, बेरोजगारी, वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको परिणाम हो, जो प्रतिक्रियावादी शासनसत्ताका उपज हुन् भन्ने कुरा हाम्रो लेखनकर्ममा अभिव्यक्त हुनुपर्छ । त्यसका साथै निकासको प्रश्न पनि हाम्रो लेखनबाट प्रस्ट्याइनु पर्दछ । तब मात्र त्यसले जनताको सेवा गर्न सक्तछ । अन्यथा हाम्रो साहित्य पनि केवल बौद्धिक विलासको साधनमा सीमित हुन पुग्दछ । यसप्रति हाम्रा सबै स्रस्टाहरू सजग र सचेत रहनु पर्दछ । आउनुहोस् हामी यो मर्मलाई आत्मसात गरौँ र एकसाथ समाज रूपान्तरणको यो अभियानमा लामवद्ध हौँ । यहाँनेर साहित्य सिर्जना गर्दा हामीले विर्सन नहुने कुरा के छ भने जनयुद्ध सिर्जित नवीन यथार्थको भावधारालाई आत्मसात गर्नु र त्यसको गहिरो अध्ययन, चिन्तन, मनन् गर्दै त्यसले स्थापित गरेका मूल्य मान्यताहरूलाई आत्मसात गर्नु र जीवनव्यवहारमा लागू गर्नु हो । यसलाई शब्द र कर्मको मेल पनि भनिन्छ । हाम्रा कयौँ प्रगतिशील वा प्रगतिवादी साहित्यकारहरूमा शब्द र कर्मको पर्खाल निकै ठूलो भएको पाइन्छ । त्यो पर्खाल भत्काउने कोसिस गरौँ ।

देशमा भइरहेका सबैखाले शोषण, उत्पीडन र दमनका विरुद्ध नेपाली मुक्तिकामी जनताले धेरैपटक ठूलठूला त्याग र वलिदानीपूर्ण सङ्घर्षहरू गरे । ती सबै सङ्घर्षहरूलाई हरेक पटक सम्झौतामा लगेर तुहाइयो । जनता जहाँको तहीँ रहन बाध्य भए । पचासको दसक यता भएको वलिदानीपूर्ण सङ्घर्ष नेपालको इतिहासमा निकै ठूलो, भारी महत्व र मूल्यको रहेको छ । जसको जगमा नै नेपालबाट सामन्तवादको नायक घोडाबाट खसालियो । यो कुरा सबैलाई ज्ञात भएकै विषय हो । परन्तु नेपाली जनताले पूर्ण मुक्तिको श्वास फेर्न नपाएको वर्तमान परिवेशमा जनताले प्राप्त गरेका सीमित उपलब्धिहरूलाई पनि अपहरण गर्ने षड्यन्त्रहरू भइरहेका छन् । तसर्थ हामीले निरन्तर क्रान्तिको झन्डा उठाउने चेतना निर्माण गर्नु पर्नेछ । यी तथ्यहरू हाम्रा वर्तमानका गम्भीरतम् चुनौतीहरू हुन् । अर्कातर्फ नेपाल र नेपाली जनताका निम्ति सुन्दर भविश्यको क्षितिज पनि प्रष्टसँग उघारिएको छ । त्यसैले सबै अग्रगामी स्रस्टाहरू एकजुट भएर सुन्दर भविश्य निर्माणको क्षितिजतर्फ अघि बढौँ । फेरि एकपटक क्रान्तिको विगुल फुक्न हाम्रा सबै सांस्कृतिककर्मी, साहित्यकार, कलाकारहरू देश दौडाहा गरौँ । यसले माओले भन्नुभएको कुरा 'यसले क्रान्ति आउनुभन्दा अघि विचारधारात्मक रूपले भूमि तयार पार्दछ र यो क्रान्तिको बेलामा व्यापक क्रान्तिकारी मोर्चामा महत्वपूर्ण, साँच्चै आवश्यक र सङ्घर्षशील एक मोर्चा' बन्न पुग्दछ । त्यो बेला सबैखाले संसोधनवाद, सुधारवाद र अवसरवाद समाप्त भएर जानेछन् । क्रान्तिको व्याज खाएर बनेका नवसामन्त र नवपुँजीपतिहरू पनि जनयुद्धमा जस्तै क्रान्तिका निसाना बन्ने छन् ।

---

कविता

## कविता नबन्नु



■ प्रा.डा. जगदीशचन्द्र भण्डारी

कविता बुन्नु
उन्नु उधिन्नु
घाम बनाउनु
ओढ्नु
र तातो बनाउनु
भन्दा भन्दै
वित्यो समय
कहाँबाट हिंडेर
कहाँ पुगियो
गन्नै सकिएन
अभ्यस्त
जीवनको गति जस्तै
मात्र हिंडियो
आधा शताब्दीभन्दा
बढी
कविता बुन्नुमै
लागियो
न कविता बन्यो
न घाम ओढ्न पाइयो
सकस
पूर्ण सकस
अर्ध सकस
होइन भनुँ भने
जहाँको तहीं
उभिनु
जीवन ठिहि्याउनु
जाडो हुनु
थर्थर काँप्नु
भनुँ भने
कविता नहुनु
विद्रोह मर्नु
आगो निभ्नु
त्याग मर्नु
वीरता नबल्नु
शब्द नचिनिनु
वर्ण हराउनु
ध्वनि नफुट्नु
अन्ततः
कविता नबन्नु
अँध्यारो हुनु
आफैले आफैलाई
नदेख्नु
सगरमाथा भत्केर
खण्डहर बन्नु
सीमा सिसाझैं
फुटेर
यताउति हुनु
हिजो नहुनु
अस्ति नहुनु
आफ्नै नाक नहुनु
खट्टा नहुनु
स्मृति हराउनु
गजब हुनु
अपरिचित हुनु
सूक्ष्म जीव हुनु
साँच्ची
घाम नहुनु
कविता नबन्नु
जीवनभरिको सपना
पुरा नहुनु
अपराधी बन्नु
विम्ब प्रतीक
बिरुप हुनु
नायक नहुनु
आदर्श भत्किनु
जनद्रोहीमा
रुपान्तरित हुनु
अन्ततः
कविता नहुनु

कविताको खोजीमा
मुक्ति सपना
बोकेर
सशस्त्र विद्रोहको
नयाँ कविता
बनाउन खोज्नु

---

कविता

## तिमी शुसुप्त छौ किन



■ पुष्प गोपाल श्रेष्ठ

तिमी शुभ-प्रभातको घाम हौं
सुसुप्त छौ किन
हिउँदको खपी नसक्नु
तुसारा पातले याहाँ
हेर सबका सवजन
कठाँग्रीएर
मुर्झाउन लागि सकेको छ
उतानो परेर,
तिम्रो त्यो
न्यानो घामको अभावमा ।
के हेरिरहेका छौं,
अझैं पनि
उठ.... च्याट
झार झुर गरेर फाल
जन विरोधी तुसारोलाई ।

झुल्की देउ
आशाका किरण बनेर
अनी छरी देउ
मुक्ती र स्वतन्त्रताको निम्ति
जोस र जाँगरको
वीज बनेर ।
हो, छोपेको छ यहाँ
सदीयौं देखी
अनेक भ्रमका जाल बुनेर
लठ्याइ दिएको छ
धर्मका ती,
कुराण, कथा र बाइबल रचेर
पुरेत्याँइवादको जगजगीमा ।
अनी मान्छेको नाउँमा जन्मेका

ती दानवहरुले
सोझा सिधा जन जनको
रगत चुसेको छ
चोइत्याइएको छ
ज्युउँदै छटपटाएर
आफ्नै मोजमज्जामा उडेर ।
त्यसैले हेर
तिमी संग
ग्वार माग्दै छन्
बाच्नँको आशा बोकेर
तिमी त शुभ प्रभातको घाम हौं
सुसुप्त छौं किन ?

के तिमीलाई थाहा छैन
यो त केबल
माकुराको जालो हो
ढोङ्ग हो
आफ्नो दुनो सोझ्याउने
साझ बाझ हो
पुरेत्याइवाद को
लौ,
च्यातचुत पारेर ध्वस्त गर
र
फैली देउ
डाँडा काँडा कुना काप्चा
अनी, जतातातै
जन-क्रान्तिको ज्वाला बनेर ।

२०४५/०२/०८

## विश्व कम्युनिस्ट ...

निर्माण, विदेश सम्बन्ध, आदिमा उहाँका सैद्धान्तिक योगदानहरु महत्वपूर्ण रहेका छन् ।

माओ त्सेतुङको सैद्धान्तिक योगदानहरुबारे चर्चा गर्दा आधारभूत महत्वको एउटा कुरा के छ भने उहाँले मार्क्सवादी चिन्तन-तरिकालाई निकै विकसित गर्नु भएको छ । सिद्धान्तलाई व्यावहारसित गाँस्ने, सधैंभरि विद्यमान यथार्थताको आधारबाट अघि बढ्ने र तथ्यहरुबाट सत्य पत्ता लगाउने सिद्धान्तमा उहाँ निकै जोड दिनुहुन्थ्यो, र त्यसलाई समृद्ध पार्नुभएको छ । खास रुपले, "तथ्यहरुबाट सत्य पत्ता लगाउने" सिद्धान्तलाई माओ त्सेतुङ विचारधाराको सारतत्व मानिएको छ ।

माथि-उल्लेखित विभिन्न क्षेत्रहरुमा माओ त्सेतुङका सैद्धान्तिक योगदानहरु निकै महान र महत्वपूर्ण छन्, र ती योगदानहरु मार्क्सवादको सैद्धान्तिक भण्डारमा नयाँ विचार र प्रस्थापनाहरुको रुपमा थपिएका उपलब्धि हुन् । हामी जसलाई माओ त्सेतुङ विचारधारा भन्छौं, त्यो उक्त थपिएका नयाँ विचार र प्रस्थापनाहरुको समष्टि हो । उक्त थप र विकासले मार्क्सवाद-लेनिनवादलाई समृद्ध र विकसित बनाएको छ ।

विश्व कम्युनिष्ट आन्दोलनको पक्षमा माओ त्सेतुङबाट गरिएका जुन योगदानहरुबारे माथि चर्चा गरिएको छ, ती अवश्य पनि विशाल, महान र महत्वपूर्ण छन् । ती क्रान्तिका कुशल संगठनकर्ता, मार्क्सवादी विचारक तथा सिद्धान्तकार, महान रणनीतिज्ञ तथा कार्यनीतिज्ञ र महान सर्वहारा योद्धाको हैसियतबाट उहाँले गरेका योगदान हुन् । उहाँ सच्चा सर्वहारा क्रान्तिकारीका एक सर्वोत्तम नमुना र सिद्धान्त तथा व्यवहारबीच एकताका चहकिलो प्रतीक हुनुहुन्छ । विश्व सर्वहारावर्ग र विश्व कम्युनिष्ट आन्दोलनप्रति गरिएका उहाँका महान योगदानहरुको फलस्वरुप उहाँ ठीक रुपमा मार्क्स, एंन्जेल्स, लेनिन र स्टालिनको लाममा स्थापीत हुनु भएको छ । उहाँको नाम विश्व सर्वहारावर्गको महान हृदयमा अमिट रुपमा अंकित रहेको छ र चिनियाँ जनतालगायत विश्वका श्रमजीवि जनगणले उहाँलाई कहिल्यै बिर्सने छैनन् । उहाँका काम र विचारहरु प्रगतिशिल मानव जातिको लागि निर्देशन र प्रेरणाको स्रोत बनेर सँधैभरि रहिरहने छन् ।

## जनगणतान्त्रिक ...

कार्यान्वयनमा छ । उनीहरुको भनाईमा ९० प्रतिशतले स्वीकृत दिएको छ र संसारको उत्कृष्ट संविधान अरे । प्रथमतः संविधानसभा भन्दा पनि माथिको निर्णायक स्थिति तीन नेता भएको सिन्डिकेटको थियो । त्यस अवस्थामा जतिसुकै मत भएपनि त्यसको मुल्यांकन तीन नेता बराबरकै हुने हो । दोस्रो उत्कृष्ठताको सवालमा संविधान घोषणा हुनेवित्तिकै खोट देखियो र संविधान विरुद्ध काँग्रेसबाटै संशोधनको प्रस्ताव आयो । त्यसले पनि नपुगेर वर्षदिनभित्रै दोस्रो संशोधनको तयारी चल्दैछ । अझै जनता विरोध गरिरहको छ । अनी संविधानको उत्कृष्ठता कता गयो ? द्वन्द्व समाधान र शान्ति स्थापनाको कार्यक्रम भित्रै संविधान सभाको निर्वाचत गरिएको हो । तर शान्ति त कता हो कता द्वन्द्व नै थपिदै छ । सरकार चलाउने नेताहरुले देश टुक्रिने चेतावनी दिइरहेका छन् । कोहीले संघीयताले देश टुक्रिन्छ भन्छन् भने कोहीले पहिचानको आधारमा प्रदेश छुट्याइयो भने देश टुक्रिन्छ भन्छन् । अर्थात् विविधताबीचको राष्ट्रिय सहमतिले देश टुक्रिने खतरा देखिन्छ । यी नेताहरु वर्ग विभेद, जातीय विभेद, लैगिक विभेद, क्षेत्रीय विभेद, धार्मिक विभेद आदि सबै विभदको पोको भएको संस्कृति नै यथास्थितिवादी पुरानो सोच भएका नेताका आदर्श हो । त्यसलाई कसैगरी छोड्न चाहेका छैनन् । तिनको राष्ट्रवादको कुरा सुन्दा तिनीभन्दा देशभक्त खोज्न गाह्रो पर्छ । तर त्यहाँ निश्चित राष्ट्रघाती स्वार्थ साह्रै खतरनाक रुपले लुकिरहेको हुन्छ । लेनिनले भन्नु भएको छ, 'बुर्जुवाहरुको राष्ट्रवाद, जातिवाद र अन्ध राष्ट्रवाद भनेको सभ्रान्त जातिको नयाँ बुर्जुवा बादशाह जन्माउने प्रक्रिया हो । यिनको राष्ट्रवाद, प्रतिक्रियावादी राष्ट्रवाद भित्र पर्दछ । यो संविधान एक त संशोधन गरेर काम लाग्ने अवस्थामा छैन, अर्को यि यथास्थितिवादी नेताहरु उत्पीडित वर्ग र समुदायको हितमा संशोधन गर्न पनि दिने छैनन् । सामर्थ्यको आधारमा संघीय प्रदेशहरुको निर्माण गर्दा विभिन्न कालखण्डमा उठेका आदिवासी जनजातिको आन्दोलन, मधेसीहरुले गरेको विद्रोह, उनीहरुसँग भएका सम्झौताहरु र अन्तरिम संविधानको धारा १३८ (१) (क) मा उल्लेख सबै कुरालाई कठोरतापूर्वक अस्वीकार गरिएको घटना स्मरण गर्न सकिन्छ । उत्पीडित जाति वर्ग र समुदाय र समस्त नेपाली जनताको निम्ति संविधान संशोधन होइन, आन्दोलन नै विकल्प हो ।

संघीय जनगणतान्त्रिक संविधान यथास्थितिमा बन्दैन र जनगणतान्त्रिक संविधान बिना जनताको समस्या समाधान हुँदैन । अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेला हालै सम्पन्न भएको छ । त्यसले पारित गरेको संगठनात्मक प्रतिवेदनमा के भनिएको छ भने राजतन्त्रको अन्त्य भएपनि जनताको विरोध किन कम भएन ? यस प्रश्नको उत्तर के हो भने १० वर्षको जनयुद्ध र ६२/६३ को जनआन्दोलनको परिणाम स्वरुप राजतन्त्रको अन्त्य भयो । जनताको संविधान बनाउन संविधानसभाको निर्वाचन पनि भयो तर जनचाहाना अनुसार गणतान्त्रिक पहिचानको आधारमा राज्यको पुर्नसंरचना समावेशी, समानुपातिक प्रतिनिधित्व आत्मनिर्णयको सिद्धान्तको आधारमा संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय र जनसुरक्षा समेटिएको संविधान बन्न सकेन । त्यस्तो हुन नसक्नुको प्रमुख कारण प्रतिक्रियावादी जातीय पहिचान विरोधी तथा ब्रम्हाणवादी राज्यसत्ताले उत्पीडित जनताको अधिकार स्थापित गर्न नचाहनु तथा परम्परागत स्थितिमै प्रतिक्रियावादी राष्ट्रवाद कायम राख्न चाहनु हो । राजतन्त्रको अन्त्य भयो तर त्यसको ठाउँ दलाल पुँजीपति वर्ग, दलाल र सामन्त वर्गले लिएको छ । यसले जनअधिकार बहाल गर्दैन, खारेज गर्छ । यो जनविरोधी सत्ता हो । प्रतिवेदनमा अघि भनिएको छ 'नेपाली समाजमा नयाँ जनवादी क्रान्तिबाहेक अन्य कुनै उपायद्वारा आमूल परिवर्तन ल्याउन सकिन्न । नयाँ जनवादी क्रान्तिका निमित्त १० वर्षसम्म जनयुद्धको सञ्चालन गरियो तर निर्णायक चरणमा आएर नेतृत्वले क्रान्तिप्रति विश्वासघात गरेकोले क्रान्ति सफल हुन सकेन । वास्तममा समयमा नै थोरै परिवर्तन आएको छ । तर त्यति पनि होइन की जनताको अवस्था र आवश्यकतामा आमूल वा कुनै महत्वपूर्ण परिवर्तन ल्याओस् । अर्धसामन्ती र अर्धऔपनिवेशिक/नवऔपनिवेशिक अवस्थाबाट देश र जनता मुक्त हुन सकेको छैन । नयाँ जनवादी क्रान्तिको चरण समाप्त भएको छैन । क्रान्ति फेरि पनि आवश्यक छ तर क्रान्तिकारी उद्देश्य लिएको राजनीतिक शक्तिमाझ निराशा र पलायनको स्थिति हावी हुँदै गएको छ । अहिलेको चिन्ताको विषय त्यही हो । समस्त क्रान्तिकारी शक्तिबीचको एकता वा ध्रवीकरणबाट त्यसको समाधान सम्भव छ । तर यहाँ कुनै खास समूहगत एकताको कुरा उठाएर अवसरवादीहरुले भ्रमको सिर्जना गरिएको छ । निश्चय नै अन्य भ्रम भै यसप्रकारको भ्रमको पर्दाफास हुँदै गर्एको छ । त्यस्तै संविधान संशोधनको अर्को भ्रममा पीडित जनतालाई अल्मल्याउन खोजिरहेको छ । संविधान निर्माणको बखत समावेश नगरिएका विषयवस्तु संशोधनमा पारिन्छन् भन्ने कुरा नै कतिको विश्वास लाग्दो छ ? त्यसो त आवश्यक परेमा संशोधन सामान्य कुरा हो । मूल कुरा यो संविधान उत्पीडित वर्ग, जाति, क्षेत्र वा लिंगको आवश्यकता पूरा गर्न बनेको होइन भन्ने कुरातर्फ सचेत रहनु पर्दछ ।

## यो जाडोमा ...

किस्ताबापतको रकम वितरण गर्ने क्रम सुरु भएको छ । काठमाडौं जिल्लामा १ लाख १५ हजार ८ सय घर सर्वेक्षण भएका छन् । जसमध्ये ३९ हजार ९ सय ४० लाभग्राहीसँग अनुदान सम्झौता भएको छ । त्यस्तै, ललितपुरमा १२ हजार ४ सय ७९ र भक्तपुरमा १७ हजार ७ सय १० लाभग्राहीसँग अनुदान सम्झौता भएको छ ।

भूकम्पबाट अतिप्रभावित भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा अनुदान प्रक्रिया अगाडि बढे पनि भूकम्पबाट प्रभावित १७ जिल्लामा सर्वेक्षणको कामसमेत पूरा हुन सकेको छैन् । यसैबीच, केन्द्रीय तथ्यांक विभागबाट भूकम्प कम प्रभावित १७ जिल्लामा सर्वेक्षणको कार्य गर्न १७ जिल्लाका समन्वयकर्ताहरू र सोसँग सम्बन्धित तथ्यांक सहायकहरूलाई अभिमुखीकरण तालिम सुरु गरेको छ ।

भूकम्पबाट कम प्रभावित धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, लमजुङ, तनहुँ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा, चितवन, नवलपरासी, अर्घाखाँची, गुल्मी र पाल्पामा बल्ला अभिमुखीकरण तालिम सम्पन्न भएको छ ।

यी जिल्लाबाट भूकम्पबाट क्षति पुगेका घरहरूको यकिन विवरणसमेत आएको छैन ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन एकाइका अनुसार मंसिर मसान्तसम्ममा सिन्धुपाल्चोकमा ७४ हजार ८ सय ४५, रामेछापमा ३९ हजार ७ सय ५९, ओखलढुंगामा १७ हजार ८ सय ३६, गोरखामा ५२ हजार ३ सय ४३ घरधनीको बैंक खातामा पहिलो किस्ताको ५० हजार रुपैयाँ जम्मा भएको छ । त्यस्तै काभ्रेमा ५९ हजार ७ सय ५१, दोलखामा ४५ हजार ३ सय ३२, नुवाकोटमा ५३ हजार ३ सय ५७, सिन्धुलीमा २६ हजार ६ सय १२, धादिङमा ५२ हजार ९ सय १७, रसुवामा ८ हजार ३ सय १७ र मकवानपुरमा २६ हजार ९ सय ९ घरधनीको बैंक खातामा अनुदान रकम जम्मा भएको छ । भूकम्प अतिप्रभावित १४ जिल्लामा ५ लाख ३३ हजार ३ सय ३७ घरधनीसँग अनुदान सम्झौता भएको छ ।

यसैबीच, सरकारले पहिलो किस्ता पाइसकेको भूकम्पपीडितलाई दोस्रो किस्ताबापतको १ लाख ५० हजार अनुदान दिन रकम निकासा गरेको छ । अर्थ मन्त्रालयले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई थप २८ अर्ब रकम गत मंसिर २० गते निकासा गरेको थियो । त्यस्तै, भूकम्पप्रभावित जिल्लाहरूमा विद्यालय भवन पुनर्निर्माणका लागि ४ अर्ब रुपैयाँको सीमामा रही विद्यालय पुनर्निर्माण कार्य अघि बढाउन स्रोतको सुनिश्चितता प्रदान गरिएको प्राधिकरणका प्रवक्ता रामप्रसाद थपलियाले जानकारी दिए ।

यसैबीच प्राधिकरणले पहिलो चरणको किस्ता बुझेका पाँच लाख भूकम्प पीडितहरुलाई दोस्रो किस्ता वापतको रकम वितरण हुँदै छ । त्यसका लागि पीडितले पाएको पहिलो किस्ता वापतको रकमबाट जग निमार्ण गेरेको प्रमाणित गर्नुपर्ने छ ।

घर बनाउन जग राखिसकेकाहरुले आफ्नो घरको जग प्राधिकरणले तोकेको मापदण्डअनुरुपको रहेको भनी गाउँमा खटिएका प्राविधिकबाट चेकजाँच गरी प्रमाणित गराई गाविसबाट एउटा फारम भरेर गाविस सचिवबाट सिफारिस लिएर बैंकबाट दोस्रो किस्तावापतको रकम प्राप्त गर्न सकिने प्राधिकरणले जनाएको छ ।

गाविस सचिव र प्राविधिकहरुले प्रमाणित गरेको कागजात लिएर गएपछि पहिलो किस्ताको ५० हजार जुन बैंकबाट प्राप्त गरेको हो,त्यहि बैंकबाट दोस्रो किस्ता वापतको डेढ लाख रुपैयाँ लिन सकिने प्राधिकरणका कार्यकारी अधिकृत शुसील ज्ञवालीले जानकारी दिए ।

यता घर बनाइसकेकाहरुले प्राविधिकबाट घर भूकम्प प्रतिरोधी भएको प्रमाणित गराए कागज पेश गेरपछि एकमुष्ठ रकम पाउने प्राधिकरणले जनाएको छ ।

## स्थानीय तह ...

लाग्यो र संविधान संशोधन समेत भएर राजनीतिक दलहरुबीच सहमति बनेमा निर्वाचन हुँदै देश संविधान कार्यान्वयनको बाटोमा जाने भएकाले पनि यो प्रक्रियालाई रोक्न बाह्य शक्तिहरु भगिरथ प्रयत्नका साथ लागिपरेको उच्च स्रोतको दावी छ । कथित ९० प्रतिशतको सहमतिमा बनेको अहिलेको संविधानलाई कार्यान्वयनमा लैजानबाट रोक्न संविधान जारी गर्ने दलहरुभित्रै चलखेल भइसकेको बताइन्छ । अहिलेको संविधानप्रति असहमति राख्दै आएको भारत स्वयम पनि यो संविधानलाई असफल बनाएर नेपाललाई अस्थिरतामा लैजान उद्यत छ । संविधान निर्माणका क्रममा नेपालकै राजनीतिक दलहरुलाई समेत बेवास्ता गर्नुका साथै जनताका अधिकारहरुलाई नसमेटिएका कारण नेपालकै आन्दोलनकारी दलहरु अहिलेको संविधानको ठाउँमा नयाँ संविधान जारी गर्नुपर्ने पक्षमा छन् । आन्दोलनकारी दलहरुसँग समेत स्थानीय निकाय पुर्नसंरचनाका विषयमा छलफल समेत नगरी संसदवादी दलहरुले निरंकुश तरिकाले एकलौटी रुपमा अघि बढेका कारण समेत यसको सर्वस्वीकार्यतामा प्रश्न खडा छ । त्यसो त स्थानीय तह पुनःसंरचना आयोगभित्र विवाद बढेपछि झापाका स्थानीय तहको संख्या विवाद मतदानबाट टुंगो लगाइएको छ । झापामा स्थानीय तहको संख्यामा राजनीतिक दलबीच सहमति जुट्न नसकेपछि जिल्ला प्राविधिक समितिले दुईवटा प्रतिवेदन पेस गरेको थियो । सो प्रतिवेदनका विषयलाई लिएर आयोगभित्रै विवाद भएको थियो । प्रस्तावमा झापाबाट ११ वटा र १५ वटा स्थानीय तह बनाउने गरी दुई वटा प्रस्ताव आएको थियो । दुवै प्रस्तावमाथि मदान भएर १५ वटा स्थानीय तह बनाउने प्रस्ताव पारित भएपछि स्थानीय निकायको संख्या ७ सय ४० पुगेको हो । झापा जिल्लाको विवाद समाधानसँगै अब देशकाम ७५ वटै जिल्लामा स्थानीय निकायको संख्या टुंगो लागेको छ । आयोगको समयवधी फागुनसम्म भएपनि आयोगले त्यसअघि नै प्रतिवेदन बुझाउन लागेको हो ।

जन्म दर्ता, विवाह दर्ता र मृत्यु दर्ता समयमै गराऔं ।

पवननगर गाविस कार्यालय
दाङ

जम्काभेट

# क्रान्तिकारी माओवादी दलालहरुका विरुद्ध कडा आन्दोलनको तयारीमा जुटेको छ



- गोविन्द काफ्ले
कार्यवाहक सेक्रेटरी
नेकपा (क्रान्तिकारी माओवादी)
दोलखा ।

*» तपाईंको जिल्लामा नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीको स्थिति कस्तो छ ?*

पार्टी टुटफुट र विभाजनको प्रक्रियाबाट यहाँसम्म आईपुग्दा सांगठनिक रुपमा निराशाको भावहरु प्रसस्तै आए । तर पनि पार्टीले क्रान्तिकारी सिद्धान्त र विचारको रक्षाका लागी विचारधारात्मक लडाईंमा विजय प्राप्त गरेर नयाँ ढंगले अगाडि बढिसकोको जनयुद्ध दोलखाका संस्थापक पुर्णबहादुर खडका, क.गोविन्दले क्रान्तिकारी विचारको रक्षा गरेकोले विगतमा साँगठनिक रुपमा कमजोर भए पनि अहिले दोलखा पार्टीको संगठन सुदृढ हुँदै गएको छ ।

*» क्रान्तिकारी माओवादीप्रति जनता कतिको आशावादी छन् ?*

नेपालको क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले क्रान्तिकारी सिद्धान्त र विचारको रक्षा गरेको छ र यो नेपालको कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारा हो भन्नेमा नेपाली जनता विश्वस्त छन् । विभिन्न दक्षिणपन्थी हावाहुरी र भीषण संघर्षका बावजुद पनि यो पार्टीले क्रान्तिकारी एजेण्डा र क्रान्तिकारी विचारधाराको रक्षा गर्दै प्रतिक्रियावादीहरुसँग घुँडा नटेकेका कारण नेपाली जनताको मुक्तिको आशा अब क्रान्तिकारी माओवादीमा छ ।

*» क्रान्तिकारी माओवादी र अन्य माओवादीमा अन्तर के छ ? र क्रान्तिकारी माओवादी कसरी अघि बढिरहेको छ ?*

क्रान्तिकारी माओवादी र अन्य माओवादी बीचको अन्तर आकास र जमिनजस्तै हुन पुग्यो । किनकि, प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र), काग्रेस, एमाले र राप्रपाहरु जस्तै भोटको प्रतिस्पर्धा गर्ने नयाँ संसदीय पार्टी बनी दक्षिणपन्थी संशोधनवादमा परिणत हुन पुगेको र विप्लव नेतृत्वको माओवादीको कार्यदिशा पनि स्पस्ट हुन नसकेको आरोप लगाउँदै नेता तथा कार्यकर्ताहरु हाम्रै पार्टीमा धमाधम फर्केकोले क्रान्तिकारी माओवादी नै एकमात्र अग्रगामी र परिवर्तनगामी पार्टी भएको सबैले स्वीकार गरेका छन् । २१ औं शताब्दीमा क्रान्तिकारी कम्युनिष्ट पार्टी कस्तो बनाउने ? र कसरी क्रान्ति सफल पार्ने भन्ने विषयको स्पष्ट खाका हाम्रो पार्टीमा भएकोले क्रान्तिकारी माओवादी र अन्य माओवादीमा आधारभूत रुपमै फरक छ ।

पार्टीले अभियान टोली निर्माण गरेर भित्तेलेखन, कोणसभा, विरोधसभालगायत आन्दोलनका कार्यक्रमहरु अगाडि बढाइरहेको छ । आर्थिक रुपमा पार्टी चौतर्फी घेराबन्दीमा परेकोले आन्दोलनलाई अघि बढाउन प्रतिकूल भएको छ । जिल्लाका प्रमुख बजारहरुमा महंगी, कालाबजारी, भ्रष्टाचार, अनियमितता, एनजिओ तथा आइएनजिओहरुको आर्थिक बेथिति, जनजीविका तथा वैदेशिक हस्तक्षेप र राष्ट्रिय आत्मसमर्पणवादविरुद्ध आन्दोलन भैरहेको छ । प्रतिगामी संविधान खारेजीको माग गर्दै क्रान्तिकारी माओवादी दलालहरुका विरुद्ध कडा आन्दोलनको तयारीमा जुटेको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३६१
तेह्रथुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३ | बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा




जिविस, कपिलवस्तु परिवार

## आलोपालो

# संगठन र संघर्षको अन्तर-सम्बन्ध



प्रेम सुवेदी

"एउटा नयाँ पार्टीको निर्माण गर्दा आम रुपमा पार्टी संगठनलाई तत्काल पुरै देशभरि विस्तार गरिहाल्नु पर्दछ भन्ने प्रवृत्ति देखा पर्दछ। यस प्रकार पार्टीसँग कार्यकर्ताहरुको संख्या अत्यन्त सीमित छ भन्ने कुरालाई ख्याल नगरीकन तिनै सीमित कार्यकर्ताहरुलाई चारैतिर छरिदिने गरिन्छ। यसबाट पार्टीमा नयाँ कार्यकर्ता भर्ती गर्ने क्षमता कम हुन्छ र पार्टीको विकासमा पनि मन्दता आउँछ। यस अवस्थामा पार्टी कार्यालयहरुको एउटा व्यापक सञ्जाल त अवश्य नै विकसित भएको देखिन्छ। तर पार्टी भने अत्यन्तै महत्वपूर्ण औद्योगिक सहरहरुमा समेत आफ्नो प्रभाव क्षेत्र कायम गर्न समर्थ हुँदैन।" - लेनिन

उपरोक्त भनाई पार्टी निर्माणको विषयसँग ऐतिहासिक रुपमा जोडिएको छ र क्रान्तिकारीहरुले संगठन निर्माणमा त्यो मान्यतालाई मार्ग दर्शनको रुपमा लिनुपर्ने देखिन्छ। सामान्यतः भावनात्मक रुपमा पार्टी एकैपटक देशव्यापी होस् भन्ने चाहना देखिन्छ र त्यो एउटा आम प्रवृत्तिजस्तो नै बन्दछ। तर पार्टी निर्माण गर्दा त्यसप्रकारको भावनाले भन्दा पनि भौतिकरुपमा पार्टीको अवस्था कस्तो छ ? कार्यकर्ता कति छन् ? र कार्यकर्ता कस्ता छन् ? भन्ने कुराले महत्व राख्दछ। अन्तर ाष्ट्रिय कम्युनिष्ट आन्दोलन र नेपालकै कम्युनिष्ट आन्दोलनको इतिहासबाट हामीले महत्वपूर्ण अनुभव हासिल गरिसकेका छौं। तर पनि संगठन निर्माण र क्रान्तिकारी संघर्षलाई अगाडि बढाउन हामी वस्तुवादी कम र मनोगतवादी बढी हुने गर्दछौं। तसर्थ लेनिनको उपरोक्त भनाइलाई आत्मसात गर्दै हाम्रो विशेषतामा पार्टी संगठनको निर्माणमा ध्यान केन्द्रित गर्न जरुरी छ। यतिबेला क्रान्तिकारी आन्दोलन कमजोर अवस्थामा रहकोले कार्यकर्तामा एउटा प्रकारको निराशा र पलायनता आम प्रवृत्तिजस्तै बनेको देखिन्छ। तर समाजको वस्तुगत अवस्थाले परिवर्तन तथा क्रान्तिकारी आन्दोलनको माग गरिरहेको ऐतिहासिक पृष्ठभूमिमा कम्युनिष्ट क्रान्तिकारीहरुले कुशलतापूर्वक त्यो दायित्व बहन गर्नुपर्ने आवश्यकता छ।

यतिबेला हाम्रो पार्टीले जुन प्रकारको नीति अवलम्बन गरेको छ, त्यसले माग गरेनुसारको संगठन र संघर्षलाई विकास गर्नु नै हाम्रो कर्तव्य हो। आज वैचारिक, राजनीतिक रुपमा पार्टीले जुन उचाईं प्राप्त गरेको छ, त्यो उचाइलाई संगठन र संघर्षको क्षेत्रमा कार्यान्वयन गर्ने कुरा गम्भीर चुनौतीको विषय बनिरहेको छ। यसप्रकारको अवस्थामा पार्टीका आम र विशिष्ट नीतिको कार्यान्वयन गर्ने मुख्य औजार संगठन भएकोले त्यसमा नै ध्यान केन्द्रित गर्न जरुरी छ। संगठन जति मजबुत र शक्तिशाली हुन्छ, पार्टीका उद्देश्यहरु त्यही रुपमा प्राप्त हुँदै जाने कुरा प्रष्ट छ। त्यसैले अहिलेको हाम्रो केन्द्रीय विषय पार्टीलाई नयाँ ढंगले विकास गर्दै संघर्षको नेतृत्वदायी रुपमा स्थापित गर्नु हो। त्यो गर्नका लागि हामी खडा भएको भौतिक शक्तिको सहि प्रयोग र नयाँ पुस्तामा पार्टी विस्तारलाई ध्यान दिन जरुरी छ। अहिले हामीले एकैसाथ देशव्यापी ठूला ठूला संघर्षको घोषणा गरेर भन्दा पनि हाम्रो संगठनको अवस्थालाई ध्यान दिइएर भएको शक्तिलाई केन्द्रीकरण गर्दै संगठन र संघर्षमा लगाउनु नै सही हुनेछ। राजनैतिक तथा संघर्षका हिसाबले महत्व राख्ने ठाउँलाई केन्द्र बनाउँदै भएको शक्तिलाई केन्द्रीकरण गर्ने नीतिले निश्चय नै संगठनको आधार बनाउनुको साथै विस्तार गर्न पनि सघाउ पुऱ्याउने छ। विगतमा भएका संघर्षको इतिहासले पनि त्यो कुरालाई राम्ररी प्रमाणित गर्दै आएको छ। जहाँ जनआधारित सघन संगठन हुन्छ, त्यहीं नै संघर्षको विकास हुन्छ। त्यसैले संगठनको विस्तार तथा संघर्षले राष्ट्रिय रुप लिंदै आएका तथ्यहरु विश्व र नेपालको विभिन्न संघर्षहरुले प्रमाणित गरेको छ। यसर्थ, यतिबेला पार्टीको संगठनात्मक अवस्था कमजोर रहकोले त्यसलाई ध्यान दिंदै संगठन निर्माण र संघर्ष सम्बन्धी कार्यक्रम बनाउनु नै सही हुनेछ। यो कुरा पार्टी संगठनसँग मात्र सम्बन्धित विषय नभएर समग्र प्रकृति विज्ञानको पनि पद्धति हो। जस्तो हामीसँग प्रशस्त जमिन छ, तर बिउ सीमित छ भने हाम्रो चाहना सबैमा उत्पादन गर्ने भावना हुँदा हुँदै पनि बिउ जति छ, त्यो आधारमा नै खेती गर्न सकिन्छ। ठीक त्यो कुरा पार्टी संगठनको सम्बन्धमा पनि सही हो। आज कम्युनिष्ट आन्दोलन संगठनात्मक दृष्टिले कमजोर भएको तथ्यलाई स्वीकार गर्दै त्यसको जगमा नै पार्टी निर्माण र विस्तार गर्नुपर्दछ।

यतिबेला ध्यान दिनुपर्ने मुख्य विषय कामको केन्द्रीकरण गर्दै राजनैतिक महत्व तथा संगठनात्मक सघनताका आधारमा कार्ययोजना बनाउनु पर्दछ। पेरिस कम्युन, अक्टोबर क्रान्ति, चिनियाँ क्रान्तिलगायत नेपालमा चलेका विभिन्न वर्गसंघर्ष र जनयुद्धका अनुभवलाई समेत अध्ययन गर्दा पनि यो कुरा प्रमाणित भएको छ कि जहाँ सघन संगठन छ, संघर्ष त्यहींबाट विकास हुन्छ। तसर्थ, हामीले यतिबेला संगठनको योजना बनाउँदा ति सबै अनुभवका साथै आजको विशिष्ट स्थितिलाई ध्यान दिन जरुरी छ। लेनिनले भनेझै थोरै शक्तिलाई सबैतिर छिरल्दा सामान्य सम्पर्क त हुन्छ तर ठोस परिणाम दिंदैन। यो कुरालाई आत्मसात गरेर नै आजको संगठन र संघर्षसम्बन्धी कार्यक्रम बनाउनु उपयुक्त हुनेछ। हाम्रा चाहनालाई भन्दा वस्तुगत परिस्थितिलाई केन्द्रमा राखेर बनाउने योजना सफल हुन्छन्।

# इजरायली बस्ती हटाउन सुरक्षा परिषदको आदेश

## राष्ट्रसंघ सँगको सम्बन्धमा पुर्नविचार गर्छौं : इजरायल

◆ एजेन्सी

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले संयुक्त राष्ट्र संघसँगको सम्बन्धमा पुर्नविचार गर्ने बताएका छन्। राष्ट्र संघ सुरक्षा परिषदले इजरायलले कब्जा गरेको प्यालेस्टाइनी भूमिबाट बस्ती हटाउन निर्देशन दिएपछि इजरायल रुष्ट बनेको हो। अमेरिकाले यो प्रस्तावमाथि भिटो प्रयोग नगरी मतदानमा भाग नलिएपछि प्रस्ताव पारित भएको हो। नेतान्याहुले सुरक्षा परिषदको प्रस्ताव मान्न इजरायल बाध्य नभएको पनि बताएका छन्।

### सुरक्षा परिषदको निर्णय सर्मनाक

इजराजयली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले संयुक्त राष्ट्र संघ सुरक्षा परिषदद्वारा पारित भएको अवैध यहुदी वस्ती खाली गराउने निर्णय सर्मनाक भएको बताएका छन्। उनले सुरक्षा परिषदको यो निर्णयलाई अस्वीकार समेत गरेका छन्।

संयुक्त राष्ट्र संघ सुरक्षा परिषदमा शुक्रबार राति इजरायलले अवैध रुपमा बसाएको यहुदी वस्ती खाली गर्ने विषयको प्रस्ताव पारित गरेको थियो। सुरक्षा परिषदका १५ सदस्य राष्ट्र मध्ये प्रस्तावको पक्षमा १४ मत परेको थियो भने अमेरिकाले मतदानमा भाग लिएको थिएन।

प्यालेस्टाइनी राष्ट्रपति मोहम्मद अब्बासका प्रवक्ताले भने सुरक्षा परिषदको निर्णय इजरायली नीतिमाथिको ठूलो झट्का भएको उल्लेख गरेका छन्। अमेरिकाले प्रस्तावविरुद्ध भिटो प्रयोग नगरेपछि प्रस्ताव पारित भएको हो। यसअघि सुरक्षा परिषदमा आउने इजरायलविरोधी प्रस्तावलाई अमेरिकाले रोक्दै आएको थियो।

इजिप्टले ड्राफ्ट गरेको सो प्रस्ताव फिर्ता गराउनका लागि इजरायलले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पमार्फत दबाब दिएपछि प्रस्ताव इजिप्टले फिर्ता लिएको थियो। तर सो प्रस्तावलाई मलेसिया, न्युजिल्यान्ड, सेनेगल र भेनेजुएलाले सो प्रस्तावलाई पुनः अघि बढाएका थिए।

सो प्रस्तावमा इजरायलले कब्जा गरी बस्ती बसाएका पूर्वी जेरुसेलम सहितको प्यालेस्टाइनी भूभागका यहुदी बस्ती खाली गर्न भनिएको छ। इजरायलले सन् १९६७ मा पश्चिम किनारा र पूर्वी जेरुसेलम कब्जा गरी करिब १ सय ४० वस्तीमा ५ लाख यहुदीहरुलाई राखेको थियो।

यसलाई अन्तर्राष्ट्रिय कानुनअनुसार पनि अवैध मानिएपनि इजरायलले वैध भएको जिकिर गर्दै आएको छ। प्यालेस्टाइनी भूमिमा बसाइएका यी बस्ती दुई देशबीको शान्ति स्थापनाका लागि प्रमुख अवरोधका रुपमा रहँदै आएका छन्। इजरायली प्रधानमन्त्री नेतान्याहुले भनेका छन्, 'हामी राष्ट्र संघको यो इजरायल विरोधी निर्णयलाई अस्वीकार गर्दछौं, यसले आफ्नै सर्तहरुलाई पनि पालना गरेको छैन।'

नेतान्याहु प्रशासनले यो निर्णयबाट ओबामा प्रशासन इजरायलको बचाउ गर्न मात्रै असफल भएको नभई आफ्ना सहयोगी राष्ट्रको सुरक्षा गर्न समेत असफल भएको दाबी गरेको छ। नेतान्याहुले आगामी ट्रम्प प्रशासनलाई हेरिरहेको पनि उल्लेख गरिएको छ।

### यसरी पारित भयो प्रस्ताव

इजरायले न्युजिल्याण्डमा र सेनेगलमा रहेका आफ्ना राजदूतहरुलाई फिर्ता बोलाउँदै सेनेगलमा इजरायलले गर्दै आएको सहयोग कार्यक्रम रद्द गरेको घोषणा समेत गरेको छ। इजरायलको मलेसिया र भेनेजुएलासँग भने कूटनीतिक सम्बन्ध छैन।

राष्ट्र संघका लागि प्यालेस्टाइनी राजदूत रियाद मन्सुरले भने प्रस्ताव पारित भएकोमा खुसी व्यक्त गर्दै सुरक्षा परिषदको निर्णय लामो समयको प्रतिक्षापछि आएको आवश्यक र महत्वपूर्ण कदम भएको उल्लेख गरेका छन्।

यसैगरी अमेरिकी राजदूत सामन्था पावरले परिषदको निर्णयलाई तथ्यमा आधारित निर्णय भएको भन्दै ती वस्तीको समस्या गम्भीर भएका कारण नै दुई देशबीचको समस्याको समाधान संकटमा पर्दै आएको बताएकी छन्।

## भाकपा (माओवादी) ...

लगायत चौतर्फी रुपमा विरोध भइरहेको अवस्थामा भारतीय कम्युनिस्ट पार्टी (माओवादी)ले बन्दको आयोजना गरेको छ।

आदिवासीहरुलाई उठिवास लगाएर उनीहरुको आदि भूमिमा बहुराष्ट्रिय कम्पनीहरुले प्रदूषण फैलाएको र खानी सुरक्षाका नाममा प्रहरी गतिविधि बढाएर सोझासिधा आदिवासीमाथि बर्बर दमन गरेको भनेर आम आदिवासी, मानवअधिकारवादी संघ संस्था र भाकपा (माओवादी)ले विरोध गर्दै आएको छ।

## माओले देखाएको ...

सर्वहारा वर्गका महान् नेता, क्रान्तिका शिक्षक तथा रणनीति विशारद कमरेड माओको संस्मरण र सम्मानमा विश्वभर १२४ औं माओदिवस मनाइंदैछ। माओदिवसको यस महान ऐतिहासिक अवसरमा क. माओको विशेष सम्मान तथा संस्मरण गर्द विश्व सर्वहारा वर्ग, नेपाली जनसमुदाय, सम्पूर्ण पार्टी कमरेड तथा शुभचिन्तकहरुप्रति केन्द्रीय समितिको तर्फबाट केन्द्रीय कार्यालय रातो लाल सलाम अर्पण गर्दछ।

माओले अर्द्धसामन्ती तथा अर्द्धऔपनिवेशिक अवस्थामा रहेको चीनलाई दीर्घकालीन जनयुद्ध मार्फत् नयाँ जनवादी क्रान्ति सम्पन्न गरी मुक्त तुल्याउनु भयो र समाजवादी क्रान्तिको प्रक्रियामा सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्त प्रतिपादन गरी महान् सर्वहारा सांस्कृतिक क्रान्ति अगाडि बढाउनु भयो। माओले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको विकासमा जुन थप योगदान गर्नु भयो ती सार्वभौम महत्वमा रहेका छन्। यसै क्रममा मार्क्सवाद-लेनिनवाद-माओवाद विकसित भएको छ।

आज विश्व र नेपालमा पनि एकातिर साम्राज्यवाद र अर्कोतिर दक्षिणपन्थी संशोधनवादको हैकम प्रबल रुपमा बद्दै गएको छ। विश्व र नेपालमा पनि क्रान्तिले गम्भीर धक्का खाएको छ। यस स्थितिमा नेपालमा क्रान्तिलाई अगाडि बढाउनेबारे गम्भीर प्रकृतिका चुनौतीहरु पैदा भएका छन्। आजको आवश्यकता क्रान्तिकारी पार्टी निर्माण तथा ध्रुवीकरणको प्रक्रिया अगाडि बढाउनु र क्रान्तिकारी कार्यदिशालाई समृद्ध तुल्याउदै नयाँ जनवादी क्रान्तिको तयारी गर्नु हो। यस प्रकारका चुनौतीहरुको सामना गर्दै क्रान्तिको तयारीको दिशामा दृढतापूर्वक अगाडि बढनका लागि माओदिवसले हामीलाई धारिलो वैचारिक हतियार र नयाँ ऊर्जा प्रदान गर्दछ। तसर्थ, कमरेडहरु माओको १२४ औं दिवस विशेष सम्मानका साथ मनाऔं र माओले देखाएको निरन्तर क्रान्तिको बाटोमा दृढतापूवर्क अगाडि बढौं !'

## क्रान्तिकारी माओवादी ...

वार्डसम्म संगठन निर्माण तथा विस्तारको कार्यतालिका बनाउने, एरिया, गाउँ, नगर, वडासम्म बैठक, भेला, प्रशिक्षणलगायतका कार्यक्रम सम्पन्न गर्ने आदि अभियानको लक्ष्य राखिएको छ।

अभियानकै क्रममा पार्टीले फाल्गुन १ मा जनयुद्ध दिवस, फाल्गुन १४-२१ गतेसम्म सहिद सप्ताह, ८ मार्चमा महिला दिवस, फाल्गुन ५ गते अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी र चैत्र ५ गते साँस्कृतिक प्रतिरोध दिवस मनाउने निर्णय पनि गरेको छ।

बैठकले अभियानलाई प्रभावकारी बनाउन वालिङ गर्ने, हुडिङ्‌ वोर्ड राख्ने, जनसेवा तथा श्रममूलक काम गर्ने, गाउँ, नगर, वार्ड, एरिया, तहमा विभिन्न जुलुस कोणसभा तथा स्थानीय जनसभा गर्ने, युवा मार्च पास गर्ने लगायतका निर्णय गरिएको छ भने केन्द्रीय कार्यालय, सचिवालय सदस्य, सल्लाहकार सदस्य र केन्द्रीय सदस्य, संयुक्त मोर्चा तथा जवस मोर्चाका केन्द्रीय नेताहरु सम्मिलित वक्ताहरुको टोली बनाइ प्रमुख जिल्लाहरुमा पठाउने पनि निर्णय गरेको छ।

बैठकले चैत्र २४ मा काठमाडौंमा केन्द्रीय स्तरको जनसभा गर्ने पनि निर्णय गरेको छ।

बैठकले अभियान र पार्टी कामको संयोजनका लागि चारवटा संगठन व्यूरो बनाएको छ। पूर्वाञ्चल व्यूरो इन्चार्जमा गौरव, मध्यमाञ्जलमा रामसिंह श्रीस, मध्यपश्चिमाञ्चलमा परि थापा र सुदूरपश्चिमाञ्चलमा प्रतीक रहने गरी कार्यविभाजन गरिएको छ।

### सम्मेलन तत्कालका लागि स्थगन

फाल्गुनमा गर्ने भनिएको पार्टीको राष्ट्रिय सम्मेलन तयारी अभाव भएको भन्दै तत्कालका लागि स्थगन गरिएको छ। पार्टी सदस्यताको नवीकरण, पार्टीका नीति तथा कार्यक्रममा चलाउनु पर्ने बहस आदि विषयमा समय अभाव भएकोले सम्मेलन स्थगन गरिएको पार्टी प्रवक्ता हरिभक्त कँडेल'प्रतीक'ले वर्गदष्टिलाई बताए। बैठकले लिएका अन्य निर्णयहरु प्रेस विज्ञप्ती मार्फत् सार्वजनिक गरिने पनि प्रवक्ता कँडेलले बताए।

पार्टी अध्यक्ष मोहन वैद्य'किरण'को अध्यक्षतामा बसेको बैठक शुक्रबारदेखि आइतबारसम्म चल्यो। बैठकमा १३ वटा राज्य र केन्द्रीय कार्यालयको तर्फबाट पार्टीको सांगठानिक तथा राजनीतिक स्थितिका बारेमा रिपोर्टिङ गरिएको थियो। बैठकमा लिम्बुवानबाट पार्टी संयोजक सीताराम तामाङ, किरातबाट मिनकुमार राउत, कोचिलाबाट केदार गुरागाई, मिथिलाबाट कृष्णदेव सिंह दनुवार, पूर्वी ताम्सालीङबाट राम आचार्य, पश्चिम ताम्सालिङबाट चन्द्रहरि सुवेदी'अटल', भोजपुराबाट आम आश्रय राम, नेवाबाट दिनेश शर्मा'सागर', तमुवानबाट श्रीनाथ अधिकारी, अवधबाट प्रेम सुवेदी, थारुवानबाट हर्कबहादुर शाही, पूर्वी मगरात केवी गुरुङ, पश्चिम मगरातबाट कुमार शाह, भेकबाट धनजित शाही, सेमबाट कृष्ण गुरुङ, प्रवासबाट इन्द्रमोहन सिंग्देल, प्रकाशनबाट रामसिंह श्रीस, विदेशबाट सीपी गजुरेल र कार्यालयबाट अध्यक्ष किरणले रिपोटिङ गरेका थिए। रिपोटिङपछि प्रस्तुत गरिएको १० बुँदे संक्षिप्त राजनीतिक प्रस्ताव छलफल र सुझावसहित पारित गरिएको छ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं